(प्रस्तावित)

'जयतुसंस्कृतम्' भावनाकार्यान्वयनमहासभाको

भूमिका र विधान

प्रस्तावक-

पूर्णप्रसाद ब्राह्मण

 विशेष ८६८

'जयतुसंस्कृतम्'भावनाकार्यान्वयनमहासभाको विधानको भूमिका

सृष्टिको आरम्भदेखि आजसम्म जुन भाषाले विश्वमा युग युगका महामानव, ऋषिमहर्षि र सन्त महात्माहरूको माध्यमबाट मानवजातिलाई विश्वबन्धुता आदि उदात्त दैवी भावनाहरूको उन्मेष दिंदै आयो, ज्ञानविज्ञानका अक्षय निधि एवं अमर स्रोतहरू- ऋग्वेद (विश्वको प्रथम वाङमय) देखि लिएर अरू वेद, उपवेद, उपनिषद्, पुराण र धर्मग्रन्थहरू जुन भाषामा छन्, सर्वप्रथम मानवजातिलाई मानवता, शिष्टता र सभ्यताको उन्मेष दिन सकेको कारणबाट जुन भाषालाई विश्वकै मूर्धन्य मनीषीहरूले मुक्तकण्ठ प्रशंसा गरेका छन्। देश, काल, परिस्थितिमा जे जस्तो र जत्रो परिवर्तन आए पनि जुन भाषा र जसको सर्वाङ्गपूर्ण महासाहित्य विश्वमा रहेसम्म मानवजातिको निमित्त ज्ञानविज्ञान र कल्याणको विशाल द्वार सदा खुला नै रहन्छ, उपर्युक्त यी अविस्मरणीय एवं शाश्वत देनहरूले गर्दा जुन भाषा-प्रति विश्वकै मानवजाति ऋणी र कृतज्ञ पनि छ, त्यस्तो विश्वकल्याणकारी संस्कृत भाषाको जुन समयदेखि ह्रास र अवनति हुन थाल्यो, विशेष गरेर त्यही समयदेखि यस विश्वमा परस्पर रागद्वेष, युद्धसंघर्षमय नारकीय वातावरणको अभिवृद्धि हुन थाल्यो, यो ऐतिहासिक नै तथ्य हो। यदि यस्तो नहुँदो हो र उक्त ती ती संस्कृतनिष्ठ विश्वमङ्गलकारी भावनाहरूको प्रचारप्रसार भइरहेको हुँदो हो, यो विश्व आजसम्म कति शान्त, समृद्ध, सन्तुष्ट र सुखमय बनिसक्दो हो। किनकि संस्कृतनिष्ठ आध्यात्मिक भावना र विश्वबन्धुत्वभावनाको सार्वभौम विकासबाट मात्र यस लोकमा हाम्रो लक्ष्यअनुसारको राष्ट्रिय समृद्धि, अनासक्त अहिंसक समाज र विश्वशान्तिभावनाको विकास संभव थियो। यसैले एकातिर मानव मात्रको शाश्वत आत्मशान्तिको लागि आध्यात्मिक भावनाको विकास, अर्कोतिर मानव मात्रकै शान्तिपूर्ण सुखसमृद्धिको लागि पवित्र अहिंसक एवं अनाक्रामक राष्ट्रिय भावना र विश्वबन्धुत्वभावनाको विकास! यी सदैथरि विकासको एक मात्र निदानको रूपमा सुरभारती संस्कृतभाषाकै सार्वभौम प्रचारप्रसारको अनिवार्य

आवश्यकता देखिएकोले उक्त भाषाको अध्ययन-अध्यापनप्रणालीलाई नै लोकप्रिय तुल्याएर यसको व्यापक माध्यमबाट देशव्यापी एक दृढसंकल्प, सबल एवं आदर्श संगठन तयार गरेर त्यस संगठनलाई राष्ट्र, विश्वसंबन्धी संपूर्ण समस्याहरूको समाधानको लागि विनियोग गर्ने महान् दीर्घ आकांक्षा लिएर ०१ सालदेखि भूमिगत रूपमा प्रयास गर्दा गर्दै ०४ सालमा पुगेर संगठित रूपमा "जयतु संस्कृतम्" आन्दोलन गर्न हामी सफल भएका थियौं। त्यो आन्दोलन केवल संस्कृतपाठ्यक्रमसुधारको मात्र लक्ष्य राखेर सञ्चालित गरिएको थिएन। त्यसको पछाडि राष्ट्र, विश्व र अध्यात्मपक्षको समेत विशाल गम्भीर चिन्तन थियो। यस तथ्यलाई त्यस बखतको आन्दोलनकारी संगठनबाट उद्घोषित निम्नलिखित प्रार्थनाश्लोकले प्रमाणित गर्दथ्यो—

*जयतु संस्कृतम् धर्मभूतये
जयतु संस्कृतम् राजभूतये
जयतु संस्कृतम् देशभूतये
जयतुसंस्कृतम् विश्वभूतये

संस्कृतनिष्ठ उदात्त भावनाहरूको सार्वभौम प्रचारप्रसारबाटै राजा, देश र विश्वमानवमात्रको कल्याण संभव छ। शस्त्रास्त्रसंवर्धित बल र शक्तिको प्रतिस्पर्धा

---

*यो प्रश्न उठ्न सक्छ !

राजानं प्रथमं विन्देत् ततो भार्यां ततो धनम्। अर्थात्– "राजा सुरक्षित रहे मात्र श्रीसंपत्ति पुत्रकलत्रादि सुरक्षित भएर रहन सक्तछन्"। यसरी हाम्रो हिन्दूसंस्कृतिले सर्वप्रथम संरक्षणीय कोटीको श्रेष्ठ तत्त्वको रूपमा राजालाई मानिआएकोले उपर्युक्त उद्घोषमा राजाको कल्याणलाई नै पहिलो प्रयोजन तुल्याउनुपर्नेमा राजाकोभन्दा पहिले धर्मको नाम किन लिइयो ?

उत्तर— "धर्मो रक्षति रक्षितः"। धर्म संरक्षित भए राजा प्रजा दुवैको संरक्षण हुन्छ। प्रजामा अन्तर्निहित धर्मभावनाले राजालाई बचाउँछ। राजाको धर्मपरायणताले प्रजालाई बचाउँछ। यसैले राजालाई भन्दा पनि धर्मलाई प्रथम स्थान दिइएको हो।

मानवतामाथिको चुनौती हो। त्यसैले राष्ट्रिय समृद्धि, विश्वशान्ति र मानव मात्रको शाश्वत कल्याणको लागि तिनीहरूका बाधक, अवरोधक, निरङ्कुश, हिंसक ‡ असुर भावना र प्रवृत्तिहरूमाथि विश्वमङ्गलकारी संस्कृतनिष्ठ उक्त उदात्त

फिन्च– धर्मबुद्धि र धर्मभावनाको उदय भनेको एक विशेष उन्मेष हो। जुन उन्मेषले जन, राष्ट्र, विश्वहितकारी व्यवस्थाहरूको सर्जन, अन्वेषण, व्यवस्थापन आदि गर्दछ। जहाँ धर्मभावनाको (नैतिक भावना) उन्मेष छैन, त्यस अन्धसमाजमा राष्ट्रकल्याण, विश्वकल्याणभावनाको उदय हुन सक्तैन। जुन समाजमा धार्मिक (नैतिक) भावनाको उन्मेष छैन, त्यस समाजको निमित्त राज्यका व्यवस्था, नियम, कानून, सैनिक, प्रहरी आदिका सारा व्यवस्था बलात्कार नै जन्तछन्। कथंकदाचित् कारणवश ती व्यवस्थाहरू कमजोर भएभने अप्रबुद्ध त्यस समाजले बलात्कार मानिएका ती व्यवस्थाहरूको सीमारेखाको उल्लङ्घन गरिहाल्दैन भन्न सकिंदैन। त्यसैले राजा र राज्यका नियमकानूनहरूभन्दा अगाडि धर्मलाई स्थान दिइएको हो।

‡ असुरभावना— संस्कृतनिष्ठ विश्वशान्ति र विश्वकल्याणवादी उदात्त विशाल भावनाको र संकीर्ण आत्महीन हिंसक निरङ्कुश अत्याचारी असुरभावनाको परस्पर-संघर्ष नैसर्गिक नै हो। त्यसैले विश्वकल्याणका स्रोत वेद गाई र ब्रह्मवेत्ता-हरूमाथि उक्त असुरतत्वले परापूर्वकालदेखि नै घेरै द्वेष र द्रोह गर्दै आएको छ। उदाहरणार्थ– त्रिलोककण्टक राक्षसराज रावणले आफ्ना सैनिकहरूलाई गाई र ब्राह्मण-बहुल बस्तीहरू– गाउँ शहर जे होस्– मा आगो लगाइदिने आदेश दिएको थियो—

''जेहिं जेहिं देश धेनु द्विज पावहिं
नगर ग्राम पुर आग लगावहिं''– तुलसीदास

त्यस्तै अत्याचारी राजा कंसले पनि संस्कृतनिष्ठ विश्वहितभावनाहरूका प्रचारक ब्राह्मणहरूलाई मारेर निर्मूल पारेपछि नै आफ्नो स्थायी कल्याण हुने देखेको थियो भनेर वेदव्यासले लेख्नुभएको छ—

'ब्रह्महिंसां हितं मेने कालपाशावृतोऽसुरः– भागवत।

त्यस्तै हाम्रा राणाशासकहरूका पाश्चात्य शिक्षासंस्कारवश केवल भोगवादी विचारधाराका सल्लाहकारहरूले पनि आफ्नो स्थायी हितको ख्याल गरेर नै ब्रह्मसूत्र-शाङ्करभाष्यका रूपान्तरयिता, ब्रह्मविद्याका निष्णात प्रकाण्ड विद्वान श्री शुक्रराज शास्त्रीलाई ब्राह्मणै संझेर वहाँ (शुक्रराज) थुनिएको दुइ वर्षपछि बाहिर भएको प्रजापरिषद्को विद्रोहको दोषारोपण गरेर प्राणदण्ड दिलाएका थिए।

भावनाहरूको विजयस्थापनको निमित्त विश्वात्मासंग प्रार्थना गरिएको यो पवित्र एवं क्रान्तिकारी उद्घोष थियो । जुन बेला श्री टंकप्रसाद आचार्य, श्री गणेशमान सिंह जेलमा हुनुहुन्थ्यो, त्यही बेला श्री काशीनाथ गौतम पनि जेलमा हुनुहुन्थ्यो। श्री कमलराज रेग्मी, श्री श्रीभद्रशर्मा श्री राजेश्वर देवकोटाजीहरूचाहिं कहिले प्रच्छन्न रूपमा देशभित्र, कहिले बाहिर भएर प्रजातान्त्रिक संघर्षको लागि कार्यरत हुनुहुन्थ्यो। संगठनले राष्ट्रसेवा संबन्धी कार्यक्रमको सिलसिलामा पुरानो जनविद्विष्ट शासनबाट मुक्ति दिलाउन निर्भीक भएर, हत्केलामा प्राण राखेर पाइला पाइलामा खतरा मोलेर,❀ कस्ता कस्ता विद्रोही भावनाहरूको प्रचार देशभित्र गर्‍यो ! अनि क्रान्तिको निमित्त प्रजावत्सल राजा सपरिवार विदेश सवारी भएपछि यस संगठनले देशभित्र के कति

❀सात सालको क्रान्तमा ज्यानको बाजी राखेर विराटनगर प्रजातन्त्र राज्यमा प्रसारणको लागि पठाइएका, ग्रामीण जनतामा राणावादको खिलाफ जागर्ति र उत्तेजना दिन जयतुसंस्कृतमका उत्साही वीर छात्रहरूद्वारा जिल्ला गाउँहरूमा सात साल भन्दा २–३ वर्षअघिदेखि लुकी छिपी प्रचार गर्ने गरिएका मेरो 'अगुल्टो' का 'भाइहो उठ !' शीर्षक कविताहरूमध्येका केही कविता यहाँ उद्धृत गरिन्छन्—

आमा यी नयपालभूमि वनको झाँक्रो फिजी कल्पिई
रुम्छिन् नित्य लखौं गरीब निमुखा सन्तान यी काख ली
कोही छौ त सपूत यो बखतमा संग्राममा हेलिय
पारी कत्तल शत्रुलाई दुधको हे वीर ! भारा तिर
छोरो हौ नडराउ ओर्लिय छिटो स्वातन्त्र्य-संग्राममा
आफ्नो उज्ज्वल नाम राख हरियो नेपालको छातिमा
मर्छन् देशपिशाच कुक्कुरसरी के भाउ यिन्को छ र !
बाँच्नेछौं सयकल्प वीर ! तिमि ता हौ देशकै सेवक
राणावाद हटाउ, यो कृपणता भी चौर्यको रूप हो ।
सेवावृत्ति उखेल यो त पलुवा कुक्कूरको चाल हो
उठ्नेलाई बजार नीडर भई यो वीरको कर्म हो ।
गिर्नेलाई उचाल जागृति दिई यो मर्त्यको धर्म हो
राणावाद हटाई मात्र घरमा पस्ने प्रतिज्ञा गर

काम गर्‍यो, ती सब कुराहरूलाई इतिहासले बिर्सन सक्तैन र 'जयतुसंस्कृतम्' सङ्गठन हाल तितर-बितर भए पनि, त्यस सङ्गठनका व्यक्तित्वहरू अहिले जो जो जहाँ रहे पनि, अघिजस्तै आफ्नो संकल्प र भावनामा दृढ छन् र अहिलेसम्म पनि राज्यका उच्च उच्च तहमा, अथवा स्थलका हाराहारीमा प्रतिष्ठित एवं प्रतिष्ठापित छन् र राष्ट्रको सर्वाङ्गीण कल्याणको लागि प्रायः राजनीतिक क्षेत्रमै कार्यरत

हर्षैले बनदेवताहरु मिली जित्ने दिनेछन् बर
गर्छिन् आदर मातृभूमि यिनको उद्धार आफैं गर
नाङ्गो पाइनदार चट्ट खुकुरी लौ शत्रुधावा गर ।
यस्तै थे अरु राष्ट्र, किन्तु तिनका रैती निकै जण्ड थे ।
कस्तो क्रान्ति ! बग्यो नदी रगतको जो दुष्ट थे रेटिए
ऐले स्वर्ग भए ति, हुन्छ सजिलै यो देश हाम्रो पनी
तिम्रै हातमहाँ छ वीर ! अहिले नेपालको जीवनी
चोला यो छ अनित्य एक दिन ता यो देह मर्ने त छ ।
भासिन्छन् घरबार कालगतिले के बाँकि रहने छ र !
यस्ता नश्वर चीज मात्र संगटी के पो सती जानु छ ?
आओ जाउँ विशुद्ध बीर गतिमा यै जन्मको सार छ ।
दङ् दङ् भूइं कंपाउँदं कदमले खोला त्यसै फट्कदै
फोर्दै पत्थर लात्तिले, कुहिनुले पाहाड चर्क्याउँदै
गर्जेले बनमार्गका सयकडौं ती वृक्ष सोत्र्याउँदै
जंगी शान लि घेर कान्तिपुर यो हे वीर ! नारा दिंदै
बाटो छेक्छ कुनै त झट्ट त्यसको नै गीड छुट्याइद्यौ
गाली गर्छ भने तुरुन्त थुतुनै बंग्याइद्यौ फालिद्यौ
कोही स्नेह छ, हुन्छ भल्झन भने त्यो चूडिद्यौं कुल्चिद्यौ
तोड्दैनौं जबसम्म वैरिदल यो संसार नै बिर्सिद्यौ
आओ रक्तपिपासु वैरिदलमा गै बाघझंटा दिऔं
यी दर्बार गरीवकै रगत हुन् निर्धक्क कब्जा गरौं
देख्तै नर्क परिरम्छ मूर्ति यिनका फोरौं सबै सालिक
तोडौं शासन हामीमाथि नबनून् फेरी यिनै मालिक !

पनि छन् । संगठनको विशाल लक्ष्यप्राप्तिको लागि उनीहरूको तपस्या जारी नै छ । देशभित्र, विभिन्न क्षेत्रमा जो जति संस्कृतनिष्ठ व्यक्तिविशेषहरू छन्, ती सबले यस संगठनप्रति आत्मीयता र ममता राखिरहेकै छन् । यसैले, 'जयतुसंस्कृतम' भावनाप्रतिको समर्थनको वातावरण अधिराज्यभर दिन-प्रतिदिन बढ्दो छ । केवल यस व्यापक भावनालाई आफ्नो क्षेत्रमा कार्यान्वयन गर्ने कुनै एक प्रभावशाली माध्यमको आवश्यकता भएको छ । त्यसैको पूर्तिको निमित्त यस प्रस्तावित "जयतुसंस्कृतम्भावनाकार्यान्वियनमहासभा" लाई एक प्रमुख निकायको रूपमा खडा गरिएको छ र साथै उक्त कार्यान्वियनको सामयिकता र अपरिहार्यताको सम्बन्धमा सबै प्रबुद्ध व्यक्तिहरूले हृदयङ्गम गर्नुपर्ने अति चिन्तनीय कुरा के छ भने— "अहिले विश्वअशान्तिकारी, हिंसक, आत्महीन, कामोपभोगपरमाः' यस संस्कारको पृष्ठपोषक जुन भौतिकवादी पाश्चात्य जीवनदर्शन विश्वमा प्रवाहित भएको छ, त्यसले धेरै समयअघिदेखि रागद्वेषयुद्धसंघर्षमय, रक्तरञ्जित यस विश्वमा एक नयाँ सांस्कृतिक संघर्ष ल्याउन कटिबद्ध भएको, हाम्रो जयतुसंस्कृतम्भावनाको क्षेत्रमा अङ्कुरित, पुष्पित, पल्लवित विश्वशान्तिवादी, विश्वबन्धुत्ववादी जीवनदर्शनप्रति सीमातीत प्रतिपक्षभाव राख्दै आएको छ । हामीलाई यो निश्चित भइसकेको छ कि– ज. स. भावनाका सच्चा पक्षधर सांस्कृतिक व्यक्तित्वहरूलाई विश्वको व्यापक कंसशासनसत्ताले उठ्नै नदिने सङ्कल्प गरिसकेको छ । विश्वका राजा, महाराजा, राष्ट्रपति, राष्ट्राध्यक्षसम्म पनि स्वविवेकबाट ज स. भावनाको उत्कृष्टता र महत्ताप्रति नतमस्तक छन् तापनि उक्त व्यापक, सार्वभौम कंसभावनाको बलवान् चक्रव्यूहलाई तोड्ने क्षमता नभएकोले विवश एवं पराजित मुद्रामा मौन छन् । अतः उक्त सार्वभौम अनर्थकारी कंसभाव-नाको चक्रव्यूह तोडेर उदार, धर्मनिष्ठ, शक्त, आदर्श राज्यसञ्चालन गरेर प्राचीन राजर्षिहरूको उत्तराधिकार कायम गर्न चाहने हाल विश्वमा वर्तमान महोत्साही, प्रजावत्सल राजाहरूको लागि पनि जं. सं भावनाको सार्वभौम कार्या-न्वयन अत्यन्त उपकारक अभीष्टकारक तथा शक्तिवर्धक सिद्ध हुनेछ र यो कार्यान्वियन विश्वकै निमित्त अभूतपूर्व एक महान् सांस्कृतिक क्रान्ति हुनेछ ।

किञ्च— जिज्ञासुहरूको लागि 'जयतुसंस्कृतम्भावना', भनेका के के हुन् ? प्रसङ्गवश त्यो पनि यहाँ स्पष्ट गरिन्छ—

ज. सं. भावनाको तात्पर्य—

जन, राष्ट्र, विश्वहितकारी, सामयिक ससाना लक्ष्यहरूको पूर्तिका साथै (१) राष्ट्रिय समृद्धि, (२) विश्वशान्ति, (३) (यही लोकमा) दुःखान्त भोगवादी संस्कारको बन्धनबाट मानव मात्रलाई मुक्त तुल्याउनुका साथै शाश्वत आत्मशान्तिको मार्गनिर्देशन गर्नु र (४) हिन्दू राष्ट्र नेपाललाई विश्वशान्तिभावनाप्रचारकेन्द्र र अध्यात्मभावनाप्रचारकेन्द्रको रूपमा विश्वमा मान्यता दिलाउन कटिबद्धता एवं सक्रियता राख्नु यी चार महान् लक्ष्यहरूको पूर्तिको लागि विश्वका राजनीतिक सामाजिक, आर्थिक, धार्मिक सबै गतिविधिहरू संस्कृतनिष्ठ (श्रुतिस्मृतिपुराणधर्मशास्त्रोक्त) भावनाहरूको अनुकूल हुनुपर्दछ भन्ने धारणा नै 'जयतु संस्कृतम्' भावनाको तात्पर्य हो।

एतावता यो स्पष्ट हुन्छ कि 'जयतु संस्कृतम्' भावना भौतिक र आध्यात्मिक दुइटै लक्ष्यको साधक संयुक्त भावना हो। उक्त लक्ष्यका साधक, प्रतिपादक विभिन्न दर्शन र सिद्धान्तहरू यद्यपि वर्तमान हिंसक एवं आत्महीन विश्ववातावरणको परिप्रेक्ष्यमा अनादृत छन्, तथापि विश्वमानव मात्रकै लागि आत्यन्तिक हितकारक एवं मुक्तिदायक भएकाले विज्ञ-समुदायमा बहुचर्चित एवं बहुसंमानित पनि छन्। ज. सं. भावनाका व्यावहारिक अभिव्यक्तिहरू दिग्दर्शनका लागि तल दिइन्छन्। जसमध्ये पहिलो अभिव्यक्ति राजनीतिक छ, जसबाट राजा, राज्यको प्रयोजन, स्थान र कर्तव्य स्पष्ट हुन्छन्। जसलाई ज. सं. भावनाकूल राजनीतिक सिद्धान्त भन्नुपर्छ।

(१) ज. सं. भावनानुकूल राजनीतिक सिद्धान्त

(क) अराजके हि लोकेऽस्मिन् सर्वतो विद्रुते भयात्
रक्षार्थमस्य लोकस्य राजानमसृजत् प्रभुः

(ख) नराणां च नराधिपम्

(ग) धर्मार्थकामाय राज्याय नमः

(घ) राजानं प्रथमं विन्देत्ततो भार्यां ततो धनम्
राष्ट्रस्यैतत् कृत्यतमं राज्ञ एवाऽभिषेचनम्

(ङ) राजा बन्धुरबन्धूनां राजा चक्षुरचक्षुषाम्
राजा पिता च माता च सर्वेषां न्यायवर्तिनाम्

न अकिञ्चन साथीभाइको निति ! त्यसले एक्लै हमाहम खाएको त साँच्चै पापै खाएको हो । त्यस्ताले त बाँच्नुभन्दा बरु मर्नु नै बेस छ । आफ्नै निति मात्रै पकाएर कोही खाइरहन्छभने त्यसले पनि पापै पकाएर खाएको हो । आफू श्रम नगर्ने, अर्काको श्रममा बाँचन खोज्ने शोषकको हातमा जग्गाको स्वामित्व दिन हुँदैन । त्यस्ताको जग्गा खोसेर आफैं खनजोत गर्ने कृषकलाई दिनुपर्छ र हजारौं हजारौं मानिसलाई हात बाँधेर बस्नुपर्ने बेरोजगार बन्नुपर्ने गरी कसैलाई पनि ठूला ठूला मिल चलाउन दिन हुँदैन । त्यसो नगरे मुट्ठीभर व्यक्तिविशेषको हातमा धन एकत्रित हुन्छ, हजारौं व्यक्तिको शोषण हुन्छ । त्यसैले सबैले संग्रह र शोषणको बुद्धि कत्ति पनि नलिएर, केवल त्याग र उत्सर्गको भावना लिएर, तदनुकूल काम गरेर जीवननिर्वाह गर्नुपर्दछ ।

(४) ज. स. भावनाकूल धार्मिक सिद्धान्त

अपौरुषेयवेदप्रतिपादित धर्म नै विश्वश्रद्धेय वैदिक सनातन हिन्दूधर्म हो । पुरुषकृत नभएकोले जस्तो वेद पुरुषनिष्ठ भ्रम, प्रमाद, संकीर्णता, क्षुद्रता आदि दोषसमूहबाट अस्पृष्ट छ, त्यस्तै अपौरुषेय वेदप्रतिपादित भएकोले वैदिक धर्म पनि उक्त सबै दोषहरूबाट अस्पृष्ट छ । यसैले नै उक्त सनातन वैदिक धर्मको महिमा र गरिमालाई विश्वले असाधारण मानिआएको हो । मैक्समूलर आदि विदेशी प्रकाण्ड विद्वानहरूबाट पनि बहुप्रशंसित यही वैदिक सनातन धर्मसिद्धान्त नै ज. सं. भावनानुकूल धार्मिक सिद्धान्त हो । यस धर्मले के व्यावहारिक, के पारमार्थिक दुवै पक्षमा आफ्नो पृथक् पृथक् निर्देशन दिएको छ ।

१. व्यावहारिक पक्षमा धार्मिक निर्देशनः "अनासक्त सेवाभावना

(क) मानव मात्रलाई बन्धुदृष्टिले हेर र व्यवहार गर ।

(ख) कीटपतङ्ग लगायत समस्त प्राणीहरूलाई स्नेह गर, तृप्त पार ।

(ग) आफ्नो संस्कृतिको परम आराध्य भगवान्‌का सहस्र नामहरूमध्येको पहिलो नाम 'विश्व' भएकोले साक्षात् विष्णुकै सेवा ठानेर दृष्ट विश्वको सेवा गर ।

(घ) परोपकारलाई नै धर्म संझ ।

(ङ) ज्ञानार्जन, ज्ञानप्रदान सृष्टिका समस्त सजीव तत्वहरूको सेवा, तृप्ति र सन्तुष्टिको लागि सञ्चालित व्यापक कार्यक्रम भएकोले ※ पञ्च महायज्ञलाई कुनै दिन नछोड ।

(२) पारमार्थिक पक्षमा धार्मिक निर्देशनः– (विश्वात्मदर्शन)

(क) मानव मात्र होइन, प्राणी मात्रमा आत्मभावना राख ।

(ख) ईश्वर र विश्व अभिन्न छ । परिदृश्यमान भौतिक वस्तुहरूको नानात्वको वास्तविक सत्ता छैन । विश्वका कण कणमा ईश्वर व्याप्त छन् । यो बुझेर सर्वत्र परमात्मभावना राख, परमात्मदर्शन गर—

खं वायुमग्निं मरुतो महीं च
ज्योतींषि सत्त्वानि दिशो द्रुमादीन्
सरित्समुद्रांश्च हरेः शरीरम्
यत्किञ्च भूतं प्रणमेदनन्यः

(ग) केवल लोकसंग्रहको निमित्त, कर्तव्यबुद्धि राखेर, फलेच्छा छोडेर, अनासक्त भएर पञ्च महायज्ञ लगायत समस्त शास्त्रोक्त कर्महरू गर्दै र गरेका उक्त कर्महरूलाई पनि ईश्वरार्पण गर्दै जानुपर्छ । यसरी गरिएका कर्महरूबाट सांसारिक वासना टुट्तै जान्छ र फेरि संसारचक्रमा फर्कन पर्दैन ।

उक्त दुई निर्देशनको विशेषताः– एउटै तात्पर्य

(१) अनासक्त निःस्पृह विश्वसेवाभावना (गीतोक्त कर्मयोग) को परिणति पनि 'बन्धनमुक्ति' नै हो ।

※पञ्चमहायज्ञ

१. ब्रह्मयज्ञ	अध्ययन र अध्यापन ।
२. देवयज्ञ	देवताको सन्तुष्टिको लागि होम, यज्ञ आदि ।
३. मनुष्ययज्ञ	अतिथिसेवा ।
४. पितृयज्ञ	पितृहरू (ब्रह्मादेखि लिएर सृष्टि भएदेखिका यच्च यावत् जीवहरू) को तर्पण ।
५. भूतयज्ञ	गाई, कुकुर, काग आदि तिर्यग्योनिहरूलाई बलिद्वारा तृप्त, सन्तुष्ट तुल्याउनु ।

(२) बिश्वात्मदर्शन (वेदान्तप्रतिपादित अद्वैतसिद्धान्त) को परिणति पनि 'बन्धनमुक्ति' नै हो ।

अर्थात्— सर्वत्र आत्मभावना र परमात्मभावनाको स्फुरण भएपछि शोक र मोहको कहीं पनि ठाउँ रहँदैन । त्यस स्थितिलाई कुनै दोबाटोको मुहान नै सम्झे हुन्छ । किनभने निःस्पृह अनासक्त कार्यकर्ता त्यस मुहानबाट बिश्वशान्ति-प्राप्तितिरको बाटो लिन पनि सक्छ । त्यस्तै निःस्पृह, अनासक्त साधक शाश्वत आत्मशान्तिको निमित्त निःश्रेयसको बाटो लिन पनि सक्छ । तर जुन बाटो लिए पनि त्यस्तो विराट् भावना लिएको निःस्पृह अनासक्त कार्यकर्ता वा साधक बन्धनमुक्त नभई छोड्दैन । ती दुईटै निर्देशनको तात्पर्य अन्ततो गत्वा एउटै हुन्छ ।

किञ्च— जयतु संस्कृतम्भावना के हो, या मैले बुझाएँ । तर यसबारे धेरैले दोहऱ्याई तेहऱ्याई मसंग एउटै प्रश्न गरिरहेका छन्— "उपर्युक्त योजना महान् छ र कार्यान्वयनयोग्य पनि छ । तर सफल हुन्छ कसबाट ? भनेर । मैले सबैलाई यही उत्तर दिने गरेको छु—

'अस्मन्नृपो वा जगदीश्वरो वाऽस्मदीप्सितं पूरयितुं समर्थः।' अर्थात्— अब कसबाट सफल हुनु ? कि आफ्ना राजाको निगाहबाट कि ईश्वरकै निगाहबाट । मैले यसो भन्नुमा पनि एउटा पृष्ठभूमि छ । त्यसनिमित्ति युगनायक श्री ५ महाराजाधिराज सरकारमा यसबारे सम्झना दिलाउन मैले भक्तिपूर्वक बिन्ती पुऱ्याउन सक्नु पनि परेको छ । त्यो के भने—म प्रमुख निर्वाचन आयुक्त हुँदा पोखरा रत्नमन्दिरमा स्व. राष्ट्रनायक श्री ५ महाराजाधिराज (महेन्द्र) सरकारको मैले दर्शन पाएको थिएँ । हिउँदको दिन करीब बाह्र बजेको समय हुँदो हो । सरकार फेवातालको पर्खालमा आड लिएर, घाम तापेर उभिइबक्सेको थियो । अलिकति पर तात्कालिक प्रधान मन्त्री श्री सूर्यबहादुर थापा, राजदरबार प्रमुख सचिव श्री हंसमान सिंह, गृहसचिव श्री सुन्दरप्रसाद शाह, मुख्य सचिव श्री कृष्णबम मल्ल र म सरकारतर्फ अभिमुख भएर उभिइरहेका थियौं । त्यसै वेला सरकारबाट मलाई बोलाइबक्सियो। म सरकारको नगीचै पुगेर हात जोडेर उभिएँ । सरकारबाट मलाई पर्खने संकेत गरिबक्सेर सरकारको दायाँपट्टि उभिइरहेको एक जना मानिसतिर नजर भएर

युवराजाधिराज सरकारलाई बोलाउनको निमित्त हुकुम भयो। एकै छिनमा श्री ५ युवराजाधिराज सरकार (हाल युगनायक श्री ५ महाराजाधिराज सरकार) को सवारी भयो। मैले श्री ५ युवराजाधिराज सरकारको दर्शन गरें। अनि मपट्टि फर्केर सरकारबाट हुकुम भयो— "तिमीहरूको त्यो 'जयतुसंस्कृतम्' आन्दोलनमा के के भएको थियो। आन्दोलनमा को को थिए? लक्ष्य के थियो? त्यो सबै यसलाई सुनाइदेऊ त। यस्ता कुरा पनि यिनीहरूले सुनिराख्नुपर्दछ।" अनि मैले सरकारको हुकुम शिरउपर गरेर, सरकारको दर्शन गरेर, त्यस अन्दोलनको श्रीदेखि इतिसम्म सबै विवरण खोलेर बिन्ती गरें— "आन्दोलनमा को को थिए? भन्नलाई ०४ साल आषाढ एक गतेभन्दा अघिल्ला अघिल्ला बर्षहरूमा चार भञ्ज्याङ कटाइएका, देशनिकाला गरिएका, फेरि अर्को नाम बदलेर आफ्ना गाउँमा आएर बसेका गुल्मीका श्री गुणनिधि पन्थी, दाङका श्रीकान्त आचार्य, गोकर्णका श्री विश्वनाथ शर्मा, श्री पद्म शङ्करजी आदिको नामोल्लेखका साथ ०४ सालको आन्दोलन-समयका दृढसंकल्प, सक्रिय व्यक्तिहरू श्री कमलराज रेग्मी,* श्री बलराम आचार्य, श्री श्रीभद्र शर्मा, श्री काशीनाथ गौतम, श्री अच्युतराज रेग्मी, श्री सदानन्द सापकोटा, श्री गोकर्णराज शास्त्री, श्री गणेशप्रसाद रिजाल आदिको नाम टक्चाएर बिन्ती गरें— श्री उमाराम भट्ट, अनिरुद्ध शर्मा, खगनाथ शर्मा, एकदेव ज्ञवाली, भुवनेश्वर शर्मा यस्तै कतिपयको नाम अहिले संझन्छु, सबैको नाम त भट्ट अहिले नै संभेर बिन्ती गर्न सक्तिन। तर त्यस आन्दोलनमा संस्कृतशिक्षासंग सम्बन्धित मात्र होइन, वैदिक संस्कृतिसंग संबन्धि अधिराज्यकै यच यावत् प्रबुद्ध व्यक्तिहरूको नै हार्दिक सहानुभूति आन्दोलनप्रति थियो। संस्कृतकै क्षेत्रका हाम्रा तहका व्यक्ति-विशेषहरूको त सञ्चालनमै हात थियो भने हुन्छ। जस्ता कि आन्दोलनको निमत्त भित्री तयारी भइसकेपछि छात्र भाइहरूलाई भोलिपल्टदेखि आन्दोलनको निमित्त बाहिर उत्रने प्रोत्साहन दिनको लागि अघिल्लो दिन (ज्येष्ठ मासान्तको दिन) अभिन्न हृदयका, सहपाठी सहयोगी श्री अम्बिका प्रसाद अधिकारी (हाल राजसभा-सदस्य) ज्यूको ठमेलको घरबैठकमा म, मेरा मित्र श्री माधव प्रसाद घिमिरे

*प्रजातन्त्रको प्राप्तिको निमित्त बर्षौं बर्षौं देखिको श्री सूर्यबहादुर भारद्वाजजीको त्यो निरन्तर सक्रियतालाई जस्तो बिर्सन सकिँदैन, त्यस्तै ज.सं. आन्दोलनको सफलताको निमित्त श्री बलराम आचार्य जीको कर्मठतालाई बिर्सन सकिँदैन।

(हाल उपकुलपति ने. रा. प्र. प्र.) र श्री अम्बिका प्रसाद अधिकारीज्यू हामी तीन जनाको मिटिङ्ग भएर निर्णय भएको थियो । बाहिर उत्रेका नउत्रेका यस्ता धेरैको सहयोगको भावना हामीप्रति थियो । सारा छात्रहरूलाई नास्तिक बनाएर परंपरा तोड्न लगाउने इत्यादि इत्यादि दोष-आरोप लगाएर बाहिर आक्षेप गरे तापनि सारा पूजनीय गुरुवर्गको पनि मप्रति र त्यस आन्दोलनप्रति आन्तरिक सहानुभूति र समर्थन नै थियो । लक्ष्यको कुराचाहिं सरकार, त्यो वेलाका कलिला छात्रहरू सबैलाई कुरा बुझाइरहनु गाह्रो थियो । कति छात्रहरूलाई त मांग पूरा भएर नयां पाठ्यक्रमअनुसार पढेर उत्तीर्ण भएपछि हाम्रो पनि अंग्रेजीका मास्टर प्रोफेसरसरह नै तलब हुन्छ, भविष्य सुध्रन्छ भनेर आन्दोलनप्रति आकर्षित गरिएको पनि थियो । माथि नामोल्लेख भएजस्ता कतिपय प्रबुद्ध र दृढसंकल्प व्यक्तिविशेषहरूमा बाहेक सबैलाई राजनीतिक सामाजिक आदि कुरा खोलेको भए आन्दोलन नै हुन पनि नसक्ने हुन्थ्यो । मुट्ठीभर जोसिला कार्यकर्ताहरूबाट मात्र आन्दोलन सफल हुँदैनथ्यो । पुरानो शासनको कालो मध्यरात थियो । अलिकति मात्रै पासा पल्टिएको भए कतिले कस्तो यातना भोग्नुपर्थ्यो । कसरी बांचियो यो त कौटिल्य, कामन्दक र कणिकका नीतिहरूको अध्ययनको नै मानौं फलित थियो । यो कुरा लामो छ, निगाह भएर छुट्टै समय बक्सेमा बिन्ती गर्नेछु । अब लक्ष्यको सम्बन्धमाचाहिं बिन्ती गर्दछु सरकार!-- हाम्रो पालामा यहां विश्वविद्यालय थिएन । उच्च कक्षाको परीक्षाको लागि वाराणसीमै पुग्नुपर्थ्यो । त्यो ताक भारतमा राष्ट्रिय स्वतन्त्रताको लागि आन्दोलनहरू भइरहन्थे । महात्मा गान्धीजीको व्यक्तित्वको ठूलो चर्चा थियो । वर्षेनि वाराणसी आउँदा जाँदा महात्मा गान्धीजीको प्रभाव हामीमाथि ज्यादै परेको थियो । वहांका वक्तव्य र प्रवचनहरूमा स्वतन्त्रता र विश्वशान्तिभावनाको जिक्र ज्यादा पाएकोले त्यही संस्कारवश आफ्नो देश र विश्वको निति बोल्ने र काम गर्ने हामीलाई पनि ज्यादै ठूलो रहर हुन थाल्यो । तर त्यसको बाधक यहांचाहिं त्यही पुरानो शासन थियो । त्यसैले त्यस बखतका प्रबुद्ध नौजवान हामी सबैको मनमा एउटै मार्गान्वेषणको प्रश्न थियो— त्यस शासनसत्तालाई कसरी ढाल्ने ? । अतः यही भावनाबाट प्रतिबिम्बित, हाम्रो आन्दोलनका लक्ष्य दुइटा थिए । पहिलो— देशभरिको प्रतिनिधित्व गर्न सक्ने संस्कृतछात्रसमूहलाई उक्त निरङ्कुश

सत्ताको विरुद्ध संघर्षशील बनाउने । दोस्रो— देशमा प्रजातन्त्र ल्याएर देशका शाश्वत मूल्य– राजतन्त्र, धर्म, संस्कृति–को संरक्षण र प्रतिष्ठासंवर्धन गरेर विश्वशान्ति र विश्वकल्याणको निमित्त बोल्ने, काम गर्ने । त्यसैले त्यो वेलाको हाम्रो उद्घोष थियो—

जयतु संस्कृतम् धर्मभूतये

जयतु संस्कृतम् राजभूतये

जयतु संस्कृतम् देशभूतये !

जयतु संस्कृतम् विश्वभूतये !

विश्वशान्ति र विश्वकल्याणको निंति भन्नुको मतलब संस्कृतभाषानिष्ठ विश्वबन्धुता र विश्वभ्रातृत्वसम्बन्धी उदात्त भावनाहरूको सार्वभौम प्रचारप्रसार गरेर विश्वशान्तिको स्थापनाको लागि कटिबद्ध हुने र त्यसनिंति आफ्नो देशलाई विश्वशान्तिप्रचारकेन्द्रको रूपमा र अध्यात्मप्रचारकेन्द्रको रूपमा विश्वमा मान्यता दिलाउनु हाम्रो दीर्घकालिक लक्ष्य थियो । यस लक्ष्यको पूर्ति वा यस योजनाको कार्यान्वयन त अब पनि हुनैपर्दछ जस्तो लाग्दछ । सरकार! हामीजस्ताले चिताएर केही हुँदैन । सरकारबाट निगाह भएर यस योजनालाई नेतृत्व बक्सने होभने, योजना सफल पार्न समर्पित हुने हामी कार्यकर्ता छँदै छौं, त्यसो भए हाम्रो राजतन्त्रसंस्था विश्वमा अजरअमर हुन्थ्यो, हाम्रो देश बिश्वका मानव मात्रको लागि उपकारक मात्र होइन, उद्धारक समेत जंच्ने थियो र विश्वमा सर्वोच्च प्रतिष्ठा पनि प्राप्त गर्न सक्नेथियो ।''

मैले यति बिन्ती गरेपछि सरकारबाट हुकुम भयो— ''तिम्रो लक्ष्य-बमोजिम अब पनि संस्कृततर्फ जनताको प्रवृत्ति हुन सक्ला र ?''

मैले हात जोडेर बिन्ती गरें— 'लोकसेवाआयोगले विज्ञापन गर्दा बी ए. वा बी. ए, सरह नभनेर शास्त्री वा शास्त्रीसरह भनिदिने मात्र गरिदिए पनि पहिलेभन्दा बीस दोब्बर जनताको संस्कृततर्फ प्रवृत्ति बढ्ने थियो । लोकसेवा आयोगको यो नीतिपरिवर्तनको निंति पनि सरकारकै निगाह चाहिन्छ सरकार !'

अनि सरकारबाट हुकुम भयो— ''त्यो त हो । पर्ख, यसबारे म पनि भेटेर कुरा गरूँला ।''

"निगाह सरकार !" भनेर म फेरि अगाडिकै ठाउँमा गएर उभिएँ। त्यसको निकै महीनापछि एक दिनको दर्शनभेटमा सरकारबाट हुकुम भयो— "तिमीले पोखरामा नेपाललाई विश्वमा चर्चित बनाउन, विश्वशान्तिको के के योजना भनेका थियौं, त्यो सुन्दा मलाई निकै बेस लागेको थियो। मलाई अलि स्पष्ट पारेर विस्तृत रूपमा नै त्यो लेखेर देऊ त, कस्तो योजना रहेछ। देशको प्रतिष्ठा बढ्छ भने त त्यो गर्न पनि पर्छ।" त्यो सुन्दा मेरो शरीरमा हर्ष हटाएन। अनि तुरुन्त हात जोडेर बिन्ती गरें—'निगाह सरकार ! हुकुम शिरउपर गरेर म लेखेर टक्र्याउँछु।"

त्यसपछि लगत्तै निर्वाचनआयोगको अनेक अनेक झोंझ पऱ्यो। हुकुम हुनेबित्तिकै लेख्ने अवसर पाइन। बल्ल बल्ल लेखिसकेकी थिएँ, चितौन सवारी भएकोले दर्शन नपाउँदा नपाउँदै राष्ट्रनायक सरकारको असामयिक स्वर्गारोहण भइहाल्यो। बाहुलीमा चढाउँनै पाइन। त्यस शोचनीय घटनाले अरू कति ठाउँमा प्रहार गऱ्यो, त्यो त सबैलाई थाह छ। तर मेरो यस योजनामाथि दैवले कस्तो वज्रप्रहार गऱ्यो, त्यसको अनुभवचाहिं मलाई मात्र भयो। के लाग्यो, सहनैपऱ्यो। मलाई आजसम्म पनि त्यही विश्वास छ— "सरकारको स्वर्गारोहण नभएकोभए यो योजना कार्यान्वित हुन थालिसक्थ्यो र विश्वको अगाडि नेपालको चेहरा कति उज्यालो भएर खुलिसक्थ्यो।

यो विवरण दिनुको तात्पर्य यो हो— जस्तै विषम परिस्थिति आइपरे पनि "मनस्वी कार्यार्थी न गणयति दुःखं नच सुखम्"— आफ्नो सिद्धान्त र दर्शनबाट डग्न त हुँदै भएन। त्यसमाथि पनि आशा गर्न सकिने कारण पनि मैले माथि बताइसकें। किनभने— हाल युगनायक श्री ५ महाराजाधिराज सरकारमा सके पोखरामा बिन्ती गरेको कुराको संझना (मौसूफ सरकारकै समक्ष बिन्ती गरिएको हुनाले) भइरहेकै होला। राजकाजको हजारथरि चिन्तनको कारण बिर्सिबक्सेको भए पनि बिन्ती चढाउने अवसर मिलेमा पनि "विषय यो थियो भन्ने र बुवा सरकारको यसबारे यस्तो अभिरुचि थियो" भन्ने कुरा अवश्य पनि संझिबक्सनेछ। सफलताको लागि आशा गर्ने एउटा पृष्ठभूमि छ भनेर मैले माथि भनेको पनि यही कारणले हो। देशलाई, राजमुकुटलाई विश्वसमक्ष

ओजस्वी, तेजस्वी बनाउनेयस महान् योजनालाई सरकारमा राम्रोसंग विदित गराउन सक्यौं भने ढीलो चाँडो भनेको त्यस्तै हो, निगाह नहुने त कुरै छैनजस्तो लागेको छ। बिन्ती गर्नुपर्ने र खास निगाह हुनुपर्ने निम्नलिखित उपकरणहरू छन्। ती उपकरणहरू नजुटेमा यो योजना कुनै हालतमा पनि सफल हुन सक्तैन। वास्तव यो कार्यक्रम सरकारबाट विश्वसमक्ष राखिबक्सेको शान्तिक्षेत्र प्रस्तावको पूर्णतया पूरक, साधक, सहायक बन्न सक्ने कार्यक्रम हो।

निगाह हुनुपर्ने अनिवार्य उपकरणहरू—

(१) श्री ५ महाराजाधिराज सरकारको नेतृत्व र वात्सल्यपूर्ण संरक्षकता।

(२) ने. संस्कृतआश्रम र छात्रावासको लागि ६०० बिगाहा पानी लाग्ने जग्गा।

(३) प्रारंभमा १०।= करोड रू. को सहायता र विदेशमा चन्दा माग्ने अनुमति।

(४) श्री ५ को सरकारको बजेटको केही न केही अंशको वार्षिक आर्थिक सहायता।

(५) श्री ५ को सरकारको अन्य सर्वाङ्गीण सहयोग र शुभ दृष्टि।

(६) जनता र सरकार कसैलाई हानिनोक्सानी नहुने, जम्मा १०–८ करोडको पूंजीबाट प्रारम्भ गर्न सकिने, तर यस योजनालाई ठूलो आर्थिक सहायता पुऱ्याइरहन सक्ने दिग्दर्शित निम्नलिखित प्रकारका उद्योगहरूको संचालनको लागि सरकारबाट अनुमति र सहायता—

(क) आयुर्वेदका अनुभवी कविराजहरूबाट विधिपूर्वक शुद्ध रसादि औषधीं बनाउने कारखाना खोल्ने।❋

(ख) श्री ५ को सरकारबाट बिक्री भएर विदेशनिकासी हुने काठबाट,– सो निकासी हुन नदिई संस्थातर्फबाट खरीद गरी– उद्योग सञ्चालन गर्ने।

(ग) बोर्डरका ठाउँ ठाउँमा हाम्रा नदी र खोलाका ढुङ्गाका प्रकारहरूबाट उद्योगसञ्चालन गर्ने।

नोट –❋औषधी राम्रो बनाउन सक्नुपर्छ (रसादि मात्र) र त्यसको गुणको प्रचार बिश्वभरि पुऱ्याउन सक्नुपर्छ। कसरी बिक्री हुन्छ भन्ने कुरा सिंहदरबार-बैद्यखाना बुझ्दा थाह हुन्छ। यत्रो ठूलो ज्ञान भएका हाम्रा विद्वान् कविराजहरू कति दिवंगत भइसक्नुभयो, कतिको पालो आउदै छ। राष्ट्रले वहाँहरूबाट कुनै लाभ उठाउन प्रयास नगर्नु ठूलो दुःखको कुरा हो।

(घ) मधेशका नदीहरूका खेर गएका बगरहरूमा बाँध हालेर कृषियोग्य जमीन तयार गर्ने इत्यादि ।

उक्त उपकरणहरूको साथै उपर्युक्त योजनाको सन्दर्भमा समस्त मित्र राष्ट्रहरूको सम दृष्टि, सम विचार, सहयोग र समर्थन समेत अनिवार्य अपेक्षित भएकोले राजकीय स्तरको नेतृत्वबाट मात्र उपर्युक्त योजना सञ्चालित हुन सक्ने हुँदा श्री ५ को नेतृत्व र संरक्षकतामाथि भक्तिपूर्ण आग्रह गरिएको हो । आफ्नो राष्ट्र र राजतन्त्रको शाश्वत प्रतिष्ठाको लागि र विश्वशान्तिरूप महान् लक्ष्यको पूर्तिको लागि स्व. राष्ट्रनायक श्री ५ महेन्द्रको पावन स्मृतिमा जो यो लेखें मलाई सन्तोष छ । यो योजना अवश्य सफल हुन्छ । किनकि मौसूफ सरकारजस्तै राष्ट्राभिमानी, विश्वशान्तिवादी प्रतिभाशाली वर्चस्वी व्यक्तित्व, मौसूफ सरकारकै सुपुत्र वर्तमान श्री ५ महाराजाधिराज सरकारमै हामी बिन्ती गर्दै छौं । यसैले यस-तर्फको चिन्ता छोडेर आफ्ना समविचारका, समसिद्धान्तका आजका छात्र भाइहरूलाई फेरि त्यही उद्बोधन (पुरानो शासनमा राति राति छात्रावासमा गएर त्यस वेलाका छात्र भाइहरूलाई जुन उद्बोधन म दिन्थें) दिएर यस महान् लक्ष्यको निति प्रेरित र प्रोत्साहित गर्न चाहन्छु— "उद्बुध्यध्वं समनसः सखाय: !" एक मन, एक विचारका भाइहो, उठ्नुहोस् !

विश्वमा ज. सं. भावनाको के मूल्य छ ?

भाइहो! निर्भीक भएर स्फूर्तिसंग दृढता र स्वाभिमानका साथ यस प्रश्नको जवाफ यो दिनुहोस्– "ज. सं. भावना हिन्दूधर्म, हिन्दूसंस्कृति–(वैदिक धर्म संस्कृति) को तात्पर्यको नै आधुनिक अभिव्यक्ति हो । विश्वसेवा र ईश्वरसेवालाई एउटै सम्झने दर्शन हाम्रो हिन्दूधर्म र संस्कृतिमा सिवाय विश्वका प्राय: अरू कुनै पनि धर्म र संस्कृतिमा छैन । यो हाम्रो विशेषता हो । यसैले ज. सं भावनाले मानव मात्रलाई विश्वशान्ति र मुक्ति दुवै कुराको प्रत्याभूतिप्रदान (Guaranty) गर्छ । अतः विश्वशान्ति र मुक्ति चाहने विश्वका तमाम प्रबुद्धवर्गको निमित्त ज सं. भावनाको कार्यान्वयन नै एक मात्र लक्ष्यप्राप्तिको मार्ग हो । यही नै ज सं भावनाको विवेकपूर्ण मूल्याङ्कन पनि हो ।

(प्रस्तावित)

जयतुसंस्कृतम्भावनाकार्यान्वियनमहासभाको
विधान

परिच्छेद–१
प्रारम्भ

१. प्रस्तावना–

राष्ट्र, विश्व र विश्वका मानव मात्रकी समस्या र परिस्थितिलाई हृदयङ्गम गरेर "जयतुसंस्कृतम्" आन्दोलनका जन, राष्ट्र, विश्वहितकारी प्रमुख चार महान् लक्ष्यहरू प्राप्त गर्न निरन्तर प्रयत्नशील रहनका लागि यो 'जयतु संस्कृतम्'भावनाकार्यान्वियनमहासभा'को स्थापना गरिएको छ।

(क) यस विधानको नाम– जयतुसंस्कृतमभावनाकार्यान्वियनमहासभाको विधान २०४२ रहेको छ।

(ख) यो विधान संस्था दर्ता भएको मितिदेखि लागू हुनेछ। तर सम्बन्धित निकायबाट स्वीकृति प्राप्त नहुंदाको स्थितिमा कार्य प्रारम्भ गर्नुपर्दा यही विधानलाई आधार मानी गर्नुपर्नेछ।

२. परिभाषा–

विषय वा प्रसङ्गले अर्को अर्थं नलागेमा यस विधानमा–

(क) विधान भन्नाले जयतुसंस्कृतम्भावनाकार्यान्वियनमहासभाको विधानलाई संझनुपर्छ।

(ख) नियमावली भन्नाले यस विधानअन्तर्गत बनेका नियमहरू सम्झनुपर्छ ।

(ग) तोकिएबमोजिम वा तोकिएअनुसार भन्नाले यस महासभाको विधान र सो अन्तर्गत बनेको नियमावलीले तोकेको कुरा सम्झनुपर्छ ।

(घ) नियमानुसार भन्नाले यस महासभाको विधान र नियमबमोजिम भएको कामकारवाइ संझनुपर्छ ।

(ङ) साधारण सभा भन्नाले विधानअनुसार गठन हुने जयतुसंस्कृतम्भावना कार्यान्वियनमहासभाको साधारण सभा संझनुपर्छ ।

(च) कार्यकारिणी भन्नाले जयतुसंस्कृतम्भावनाकार्यान्वियनमहासभाको कार्यकारिणीलाई संझनुपर्छ ।

(छ) "जयतुकृतम्" आन्दोलन भन्नाले नेपालमा वि० सं० २००४ सालमा संस्कृतका छात्रहरूको अग्रेसरतामा भएको शैक्षिक, संस्कृतिक आन्दोलनलाई संझनुपर्छ ।

(ज) कार्यसमिति भन्नाले परिच्छेद ५ बमोजिम संघटित केन्द्र, आश्रम र सो अन्तर्गतका समितिका कार्यसमितिलाई संझनुपर्छ ।

(झ) सभापति भन्नाले परिच्छेद ५ बमोजिम संघटित केन्द्र, आश्रम र सो अन्तर्गतका समितिका सभापतिलाई संझनुपर्छ ।

परिच्छेद–२

संस्थाको स्थापना, उद्देश्य र सदस्यता

३. संस्थाको स्थापना–

(क) यसको नाम जयतुकृतम्-भावनाकार्यान्वियन-महासभा रहनेछ ।

(ख) जयतुसंस्कृतम्भावनाकार्यान्वियनमहासभा अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित सामाजिक संस्था हुनेछ। यस संस्थाका शाखा-प्रशाखाहरू आवश्यकतानुसार नेपाल अधिराज्यको कुनै पनि जिल्ला र संसारको कुनै पनि भागमा खोल्न सकिनेछ ।

(ग) यस महासभाको केन्द्रीय कार्यालय नेपालको राजधानी काठमाडौंमा रहनेछ ।

(घ) यस महासभाको छुट्टै छाप र झण्डा हुनेछ ।

(ङ) यसले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्ने, भोग गर्ने र कसैलाई दिन सक्नेछ । यस महासभा (संस्था) ले चल अचल सम्पत्ति र त्यसको हानि नोक्सानीग सम्बद्ध विषयमा व्यक्तिसरह नालिश, उजूर गर्न र यसउपर पनि नालिश वा उजूर लाग्न सक्नेछ ।

४. उद्देश्य–

जन, राष्ट्र, विश्वहितकारी निम्नलिखित प्रमुख चार महान् लक्ष्यहरू प्राप्त गर्नु यस संस्थाको उद्देश्य हुनेछ–

(क) राष्ट्रिय समृद्धि

(ख) संस्कृत भाषा– (वाङ्मय) निष्ठ विश्वबन्धुत्वभावनाहरूको विश्वव्यापी प्रचारप्रसारद्वारा विश्वशान्तिको लागि उपयुक्त सार्वभौम वातावरणको सर्जन ।

(ग) मानवमात्रलाई यहीं लोकमा दुःखान्त भौतिकवादी भोगप्रधान संस्कारको बन्धन र सन्तापबाट मुक्त गराउन शाश्वत आत्मशान्तिको मार्ग-निर्देशन ।

(घ) हिन्दूराज्य नेपाललाई विश्वमा विश्वशान्तिभावनाप्रचारकेन्द्र र आध्यात्मिकभावनाप्रचारकेन्द्रको रूपमा मान्यता एवं प्रतिष्ठाप्रदान गराउनको लागि निरन्तर कटिबद्धता, सक्रियता र आत्मसमर्पण ।

५. सदस्यता–

(क) यस विधानको परिधिभित्र रही जयतुसंस्कृतम्भावनामा श्रद्धा आस्था राख्ने विश्वको जुनसुकै वर्ण (जाति) र लिङ्गको वयस्क व्यक्तिले महासभा र त्यसका अङ्ग निकायहरूको सदस्यताको लागि रू सहित दर्खास्त दिन सक्नेछन् । यस विधान वा विधान अन्तर्गत बनेको नियमावलीबमोजिम कार्यकारिणीसमितिको निर्णयानुसार मात्र सदस्यता प्राप्त हुने, नहुने निर्णय हुनेछ ।

६. सदस्यताको लागि अयोग्यता–

देहायमा लेखिएको अवस्थामा सदस्यताका लागि योग्य मानिने छैन–

(क) यस विधानको उद्देश्य प्रतिकूल काम गर्ने ।

(ख) जयतुसंस्कृतम्भावनाकार्यान्वयनमहासभाको आचरणसम्बन्धी नियम उल्लंघन गरी निष्कासित भएको ।

(ग) मगज बिग्रेको ।

(घ) फौजदारी मुद्दामा दोषी प्रमाणित भएको ।

(ङ) सरकारी र गैरसरकारी संघ, संस्थाको धन हिनामिना गरेबापत सजाय पाएको ।

७. सदस्यता कायम नरहने (पद रिक्त हुने) अवस्था–

देहायको अवस्थामा कुनै पनि पदाधिकारी वा सदस्यको पद कायम रहने-छैन :

(क) लिखित राजीनामा स्वीकृत भएमा ।

(ख) मृत्यु भएमा ।

(ग) कुनै लिखित सूचना नदिई लगातार चार पटकसम्म बैठकमा अनुपस्थित भएमा ।

(घ) जयतुसंस्कृतम्भावनाकार्यान्वयनमहासभाबाट संचालित ठेक्का पट्टा वा व्यवसायमा हिस्सा लिएमा ।

(ङ) महासभाको लक्ष्यमा प्रतिकूल प्रभाव पर्ने कुनै अभिव्यक्ति वा कार्य गरेमा ।

परिच्छेद–३

अन्तर्राष्ट्रिय स्तर

८. यो जयतुसंस्कृतम्भावनाकार्यान्वयनमहासभाको साधारण सभा (केन्द्रीय) अन्तर्राष्ट्रिय स्तरको हुनेछ । यस सभामा देहायबमोजिमका अध्यक्ष र सदस्यहरू हुनेछन्–

(क) कार्यकारिणी समितिको अध्यक्ष –पदेन अध्यक्ष ।

(ख) कार्यकारिणी समितिका सबै पदाधिकारी तथा सदस्यहरू – सदस्य

(ग) राष्ट्र र जिल्लास्तरका शाखा, प्रशाखाबाट नियमानुसार निर्वाचित र मनोनीत सदस्यहरू – सदस्य

परिच्छेद–४

साधारण सभा र कार्यकारिणी समिति

९. साधारण सभा–

जयतुसंस्कृतम्भावनाकार्यान्वयनमहासभा' का संपूर्ण सदस्यहरूले भाग लिन सक्ने एउटा साधारण सभा हुनेछ र त्यसको बैठक ३।३ वर्षमा बस्नेछ। तर संपूर्ण सदस्य संख्याको २/३ (दुइ तृतीयांश) सदस्यहरूको लिखित आवेदन भएमा जुनसुकै समयमा पनि बैठक बोलाउन सकिनेछ।

१०. कार्यकारिणी समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, र सहायक कोषाध्यक्षले त्यांही अनुरूप साधारण सभाको पनि पदेन कार्यभार वहन गर्नुपर्ने छ। तर अध्यक्ष, उपाध्यक्ष दुवै वा कार्यकारिणीप्रति नै आएको अविश्वासप्रस्ताव अथवा कार्यकारिणी समितिको संयुक्त राजीनामामाथि विचार गर्न बसेको साधारण सभाको अध्यक्षताभने सभाले तोकेको व्यक्तिले गर्नेछन्।

११. साधारण सभाको बैठकको सूचना कम्तीमा पनि १५ दिनपहिले नै महासचिवले सबै सदस्यसमक्ष पुऱ्याउने व्यवस्था गर्नुपर्नेछ।

१२. कार्यकारिणी समिति–

यस संस्थाका देहायका पदाधिकारी तथा सदस्य भएको ११ देखि २१ जना सम्मको एउटा कार्यकारिणी समिति रहनेछ र यसलाई समष्टिरूपमा 'जयतुसंस्कृतम्भावनाकार्यान्वियनमहासभा' भनिनेछ।

(क) अध्यक्ष।
(ख) उपाध्यक्ष जवान–
(ग) महासचिव।
(घ) सचिव।
(ङ) कोषाध्यक्ष।
(च) सहायक कोषाध्यक्ष।
(छ) अन्य सदस्यहरू–

१३ कार्यकारिणी समितिको बैठक–

साधारणतया महीनामा एक पटक कार्यकारिणी समितिको बैठक बस्नेछ ।

१४ कार्यकारिणी समितिको बैठकको सूचना–

कार्यकारिणी समितिको बैठकको सूचना कम्तीमा पनि सात दिनपहिले नै अध्यक्षको आदेशानुसार महासचिवले सदस्यसमक्ष पुऱ्याउनुपर्नेछ ।

१५. गणपूरक संख्या–

साधारण सभा तथा कार्यकारिणी समितिको बैठकको गणपूरक संख्या ५०% (पचास प्रतिशत) हुनेछ । तर गणपूरक संख्याकै कमीले एक पटक स्थगित भई अर्को पटक कम्तीमा ७ दिनको सूचना दिई बोलाइएको बैठकको लागि भने गणपूरक संख्याको नियम लागू हुनेछैन ।

१६. साधारण सभाको कर्तव्य र अधिकार–

(क) कार्यकारिणी समितिको निर्वाचन गर्ने ।

(ख) कार्यकारिणी समितिलाई नीतिनिर्देशन गर्ने नियन्त्रण गर्ने र कार्यक्रममा परिष्कार गर्ने ।

(ग) नेपाल अधिराज्य र संसारका विभिन्न राष्ट्रहरूमा आवश्यकता र माँग अनुसार र शाखा, प्रशाखाहरू खोली संस्थाको उद्देश्यअनुसार कार्यक्रम संचालन गर्ने गराउने ।

(घ) बजेट स्वीकृत गर्ने ।

(ङ) कार्यकारिणी समितिको राजीनामा स्वीकृत गर्ने ।

(च) कार्यकारिणी समितिको कुनै पनि पद रिक्त हुन आएमा बाँकी अवधिको लागि निर्वाचन वा मनोनयन गर्ने ।

(छ) बैठकको कार्यविधि निश्चित गर्ने र अन्यथा तोकिएकोमा बाहेक बहुमतद्वारा निर्णय गर्ने ।

(ज) महासभाको वार्षिक प्रतिवेदनमाथि विचार गरी पारित गर्ने ।

(झ) लेखापरीक्षक नियुक्त गर्ने ।

(ञ) सा. स. का १/३ प्रतिशत सदस्यहरूले कार्यकारिणीका पदाधिकारी तथा सदस्यविरुद्ध प्रस्तुत गरेको अविश्वासप्रस्तावमाथि विचार गर्ने र संपूर्ण सदस्यसंख्याको कम्तीमा ६०/१०० को बहुमतले निर्णय गर्ने ।

१७. कार्यकारिणी समितिको कर्तव्य र अधिकार–

(क) साधारण सभाको नीतिनिर्देशन पालन गर्ने र निर्णय कार्यान्वयन गर्ने ।

(ख) आफ्ना अङ्ग निकायहरूको रूपमा विभिन्न केन्द्र, आश्रम र समितिको स्थापना गरेर उपर्युक्त चार महान् लक्ष्यहरूको साधक एवं सहायक विभिन्न कार्यक्रमहरूको निर्धारण गरी संचालन गर्ने ।

(ग) विद्वत्सभा र विद्वत्समितिगठन गरी कार्यविधि निश्चित गर्ने ।

(घ) विद्वत्सभा र नेपालसंस्कृतआश्रमको परामर्श लिएर प्राच्यविद्याशोध-समिति र व्यावहारिकसंस्कृतग्रन्थप्रणयनसमिति गठन गरी तोकिएअनुसार कार्य संचालित गराउने ।

(ङ) वार्षिक आयव्ययविवरण र वार्षिक प्रतिवेदन तयार गरी साधारण सभामा पेश गर्ने ।

(च) विद्वत्सभा र कार्यकारिणी समितिको कार्यविधि निश्चित गर्ने ।

(छ) विभिन्न कार्यक्रमहरू संचालन गर्न समिति उपसमितिहरूको गठन गर्ने ।

(ज) तोकिएअनुसार अन्य काम गर्ने ।

१८. अध्यक्षको (काम) कर्तव्य र अधिकार–

(क) अङ्ग निकायहरूसहित महासभाको नेतृत्व गर्ने ।

(ख) निर्वाचित सदस्यहरूको पदविभाजन कार्यविभाजन गर्ने तथा पद-विभाजन र कार्य विभाजनमा परिवर्तन गर्न सक्ने ।

(ग) मत बराबर भएमा निर्णायक मत दिने ।

(घ) सा. स. र कार्यकारिणीसमितिको बैठक बोलाउन महासचिवलाई निर्देशन दिने ।

(ङ) संस्थाको हित प्रतिष्ठा र सामाजिक भलाइका लागि विशेष अधिकार प्रयोग गर्न पाउने ।

(च) आफैं उपस्थित भएको बखत महासभाका अङ्गहरूको बैठकको अध्यक्षता गर्ने ।

(ज) तोकिएअनुसार अङ्ग निकायहरूमा सभापति र सदस्यहरू मनोनयन गर्ने ।

१९. उपाध्यक्षको कर्तव्य र अधिकार

(क) सामान्यतया अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

(ख) अध्यक्षले तोकेअनुसार कार्य गर्ने ।

(ग) अध्यक्षलाई कार्यसंचालनमा सहयोग गर्ने ।

२०. महासचिवको कर्तव्य र अधिकार–

(क) महासभाको तर्फबाट पत्रव्यवहार गर्ने ।

(ख) अध्यक्षको आज्ञाले नियमित समयमा साधारणसभा र महासभाको बैठक बोलाउने ।

(ग) कार्यालय संचालन गर्ने र महासभाको कागजपत्र र चल अचल सम्पत्तिको रेखदेख तथा सुरक्षाको बन्दोबस्त गर्ने ।

(घ) महासभाका निर्णयहरूलाई कार्यान्वयन गर्ने ।

(ङ) महासभाप्रति जिज्ञासा राखेर संपर्क गर्ने स्वदेशी वा विदेशी व्यक्ति-विशेषहरूलाई महासभाको प्रतिष्ठा राखेर यसको विशालता र अपरि-हार्यतामाथि प्रकाश पारिदिने ।

२१. सचिवको कर्तव्य र अधिकार–

(क) महासचिवको काममा सहयोग गर्ने ।

(ख) महासचिवको अनुपस्थितिमा महासचिवको काम गर्ने ।

२२. कोषाध्यक्षको कर्तव्य र अधिकार–

(क) बजेट तयार गर्ने र लेखापरीक्षण गराउने ।

(ख) आयव्ययको श्रेस्ता राम्रोसंग राख्ने ।

(ग) वार्षिक आयव्ययविवरण साधारण सभामा पेश गर्ने ।

(घ) संस्थाको कुनै पनि सम्पत्तिलाई दुरुपयोगबाट बचाउने ।

(च) संस्थाको आयवृद्धिको लागि सदा सक्रिय रहने ।

(च) तोकिएअनुसार लेखासम्बन्धी अन्य काम गर्ने ।

२३. सहायक कोषाध्यक्षको कर्तव्य र अधिकार–

(क) कोषाध्यक्षको काममा सहयोग गर्ने ।

(ख) कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षको काम गर्ने र तोकिएअनुसार लेखासम्बन्धी अन्य काम गर्ने ।

परिच्छेद-५

विद्वत्सभा र विद्वत्समिति

२४ विद्वत्सभा–

आवश्यकताअनुसार ज. भा. का. महासभा र यसका अङ्गनिकायहरूलाई परामर्श दिन र विधान, नियममा तोकेको काम गर्नका लागि ६० जनासम्म वा सोभन्दा अधिक विद्वान्हरू सम्मिलित भएको एउटा विद्वत्सभा रहनेछ ।

२५. विद्वत्सभाको गठन र योग्यता–

(क) विद्वत्सभाको गठन महासभाले गर्नेछ ।

(ख) विद्वान् भन्नाले संस्कृतमा स्नातक वा संयुक्तराष्ट्रसंघबाट स्वीकृत ५ भाषामध्ये १ भाषाको ज्ञाता, संस्कृतप्रति निष्ठाआचरण राख्ने स्नातकलाई लिनुपर्छ। तर विद्वत्सभाको संपूर्ण सदस्यसख्या २/३ दुइ तृतीयांश सदस्य संस्कृतमा स्नातक भएकै हुनुपर्ने छ ।

२६. विद्वत्सभाको कर्तव्य र अधिकार–

(क) ज. भा. का. महासभा र यसका अङ्गनिकायहरूलाई आवश्यकतानुसार समय समयमा परामर्श दिने ।

(ख) विश्वशान्तिभावनाप्रचारकेन्द्र, आध्यात्मिकभावनाप्रचारकेन्द्र, राजतन्त्र-संस्थापनपरामर्शदात्री-समिति र विश्वबन्धुत्वभावनाप्रसारणसमितिका लागि तोकिएअनुसार निर्वाचन गर्ने ।

(ग) सभामा उपस्थित विद्वान्हरूले तोकेको व्यक्तिले अध्यक्षता गर्ने ।

२७. विद्वत्समितिको गठन, कर्तव्य र अधिकार–

११ देखि २१ जनासम्म विद्वान्हरू रहेको एउटा विद्वत्समिति रहनेछ । यसको गठन कर्तव्य र अधिकार देहायमा लेखिएअनुसार हुनेछ–

(क) विद्वत्समितिको गठन ज. भा. का. महासभाले गर्नेछ ।

(ख) प्राच्यविद्याशोधसमितिको आशयअनुरूप शास्त्रीय सिद्धान्तलाई युगानुकूल परिवर्तन गर्नेबारेमा र शास्त्रीय सिद्धान्तहरूको ग्रन्थिच्छेदन हुने गरेर सरल व्याख्या गरी सो समितिलाई आवश्यकतानुसार आधिकारिक परामर्श दिनु बिद्वत्समितिको कर्तव्य र अधिकार हुनेछ ।

(ग) विद्वत्समितिका सदस्यहरू तत्तत् शास्त्रीय विषयमा गहिरो ज्ञान राख्ने विशिष्ट विद्वान् हुनुपर्नेछ ।

परिच्छेद—६

केन्द्र, आश्रम र समितिहरूको संघटन, कर्तव्य र अधिकार

२८. महासभाको उद्देश्यपरिपूर्तिका लागि विधान र नियमावलीको अधीनमा रही निम्नलिखित केन्द्र, आश्रम र समितिहरू संघटित हुनेछन् । यी निकायहरू महासभाका अङ्ग, (उपाङ्ग) मानिनेछन् ।

१. विश्वशान्तिभावनाप्रचारकेन्द्र—

(क) राजतन्त्रसंस्थापनपरामर्शदात्री समिति ।

(ख) विश्वबन्धुत्वभावनाप्रसारणसमिति ।

२. नेपालसंस्कृतआश्रम

(क) व्यावहारिकसंस्कृतग्रन्थप्रणयनसमिति

३. प्राच्यविद्याशोधसमिति

४. विश्वसंस्कृतप्रसारिणी समिति ।

५. आध्यात्मिकभावनाप्रचारकेन्द्र ।

२९ विश्वशान्तिभावनाप्रचारकेन्द्रको गठन कर्तव्य र अधिकार—

महासभाले संस्कृतका स्नातक, संयुक्त राष्ट्रसंघबाट स्वीकृत पाँच भाषामध्ये एक भाषाको ज्ञाता, विद्वान्हरूको साधारणसभा विद्वत्सभाबाट निर्वाचित व्यक्ति विशेषको सभापतित्वमा केन्द्रको कार्यसमितिको गठन गर्नेछ ।

कार्यसमितिका अन्य सदस्यहरू– का० समितिका अन्य सदस्यहरूको संख्या दशदेखि बीससम्म हुनेछ र उक्त सदस्यहरू निम्नप्रकारबाट का० समितिका सदस्य बन्न सक्नेछन्–

(क) तीन खण्डमा एक खण्ड महासभाको अध्यक्षको मनोनयनबाट ।

(ख) बाँकी सदस्य विद्वत्सभाको निर्वाचनबाट ।

उक्त विद्वान्हरूबाट निर्वाचित हुने सदस्यसंख्याको आधा संख्या यथासम्भव विदेशीहरूको हुनु वाञ्छनीय सम्भिनेछ ।

योग्यता– नेपाली भए संस्कृतमा स्नातक हुनुका साथै सं. रा. सं. बाट स्वीकृत पाँच भाषामध्ये एक भाषाको ज्ञाता हुनुपर्दछ । विदेशी भए हाम्रो स्नातकसमकक्ष परीक्षा उत्तीर्ण भई संस्कृतप्रति आस्था भएको हुनुपर्दछ ।

उद्देश्य र कार्यक्रम– महासभाका महान् लक्ष्यहरूमध्येको एकतम विश्वशान्तिरूप लक्ष्यपूर्तिको लागि निम्नलिखित समितिद्वारा आवश्यक कार्यक्रम संचालन गर्नु केन्द्रको उद्देश्य र कार्यक्रम हुनेछ ।

(क) राजतन्त्रसंस्थापनपरामर्शदात्री समिति

महासभाको अध्यक्षबाट मनोनीत, संस्कृतको स्नातक, संयुक्तराष्ट्रसंघबाट स्वीकृत पाँच भाषामध्ये एक भाषाको ज्ञाता व्यक्तिविशेषको अध्यक्षतामा (सभापतित्वमा) समितिको का० समितिको गठन हुनेछ ।

कार्यसमितिका अन्य सदस्यहरू– सदस्य संख्याको २५% सदस्य महासभाका अध्यक्षबाट र २५% उक्त केन्द्रबाट मनोनीत र ५०% विद्वत्सभाबाट निर्वाचित हुनेछन् । सदस्यसंख्या ११ देखि ५१ सम्म हुन सक्नेछ । गणपूरक संख्या ११ जनाको मात्र हुनेछ ।

परामर्श– यस समितिका सदस्यहरूले विश्वका राष्ट्रहरूको (यथासंभव) भ्रमण गरेर– 'राजतन्त्रं सदा जीव्यात" पुस्तिकाको प्राक्कथन–अनुसार 'जबसम्म विश्वका सबै राष्ट्रहरूमा ('एक आदर्श राजतन्त्र' को प्रतिष्ठापन हुँदैन, तबसम्म विश्वशान्ति संभव छैन"— यस दृष्टिकोणको प्रचार गर्नेछन् र यसबारे युक्तियुक्त परामर्श दिनेछन् ।

(ख) विश्वबन्धुत्वभावनाप्रसारणसमिति

मस समितिको सम्पूर्ण गठनविधि र सदस्यसंख्या राज-स्त्रसंस्थापनबरा-कर्शादात्री समितिकै सरह हुनेछ र सदस्यहरूको योग्यता पनि उक्त समितिकै सदस्यहरूको सरह हुनुपर्दछ ।

समितिका सदस्यहरूको कार्यक्रम– यस समितिका सदस्यहरूले राष्ट्रहरूको भ्रमण गरेर विश्वशान्तिरूप महान् लक्ष्यप्राप्ति गर्ने संस्कृतभाषानिष्ठ विश्वबन्धुत्व-भावनाका सन्देशहरूलाई विश्वका मानव मात्रको कान कानमा पुऱ्याउनेछन् र विश्वशान्तिभावनाको कार्यान्वियनवातावरणसर्जनको लागि निम्नलिखित सहकार्य-सम्पादन गर्नेछन्–

अ) विश्वमा युद्धभावनाको विरुद्ध जनमत तयार पार्नु ।

आ) विश्वको वर्तमान हिंसक सैनिक– भावनामाथि विश्वशान्तिवादी अहिंसक लोकमतको दवाव बढाउँदै लैजानु ।

इ) अन्तर्राष्ट्रियताका भावनाह को सार्वभौम प्रचारप्रसार गर्नु ।

३० नेपालसंस्कृतआश्रमको गठन, कर्तव्य र अधिकार–

ज. सं. भा. कार्यान्वियनमहासभाले विशाल ज. सं. भावनाहरूलाई विश्वमा साकार पार्ने आफ्नो महान् लक्ष्यपूर्तिको अपरिहार्य एवं परमावश्यक साधनको रूपमा संस्कृत भाषाको सार्वभौम प्रचारप्रसार गर्ने महान् कार्यसम्पादनको लागि निम्नलिखित प्रक्रियाबाट पन्ध्र सदस्यीय 'नेपाल-संस्कृत-आश्रमको' गठन गर्नेछ र यस आश्रमलाई आफ्नो प्रमुखतम अङ्गको रूपमा स्वीकार गर्नेछ ।

(क) एक सभापति र अरू दश सदस्यहरू विद्वत्सभाबाट निर्वाचित भएर ।

(ख) चार सदस्यहरू महासभाको अध्यक्षबाट मनोनीत भएर ।

(ग) नेपालसंस्कृतआश्रम– कार्यसमितिका सदस्यहरूको योग्यता - संस्कृतमा स्नातक हुनुपर्छ र सं. रा. संघबाट स्वीकृत पाँच भाषामध्ये एक भाषाको ज्ञाता हुनुपर्दछ ।

नेपाल संस्कृतआश्रमको स्थान, नीति र कार्यक्रमहरू–

आश्रमको नीति– खुलिरहेका सं कृतका तहतहका अध्ययनसंस्थाहरूलाई

पनि आफ्नो अङ्गसंस्था संझने, नीतिनिर्देश गर्ने र उक्त संस्थाहरूको संख्यावृद्धि एवं सुधारको लागि पनि सक्रिय हुने आश्रमको नीति हुनेछ। आश्रमको नीतिको व्याख्या अनुसूची-६ मा उल्लेख गरिएको छ।

आश्रमको कार्यक्रम-

आश्रमले विश्वलाई नै आफ्नो कार्यक्षेत्र संझेको हुनाले निम्नलिखित आफ्ना अंग समितिद्वारा प्रणीत विभिन्न ग्रन्थहरू र पाठ्यक्रमग्रन्थहरूद्वारा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय दुवैं स्तरमा संगसंगै संस्कृत भाषाको प्रचारप्रसारकार्य प्रारम्भ गर्नेछ-

व्यावहारिकसंस्कृतग्रन्थप्रणयनसमिति-

नेपालसंस्कृतआश्रमले आधुनिक व्यावहारिक विभिन्न संस्कृतग्रन्थहरूको आवश्यकतापूर्ति गर्न यस समितिद्वारा निम्नप्रकारका अनूदित, मौलिक, संपादित विभिन्न ग्रन्थहरूको प्रणयनव्यवस्था मिलाइदिनेछ।

(अ) व्यावहारिकविश्वसंस्कृतकोष- (आधुनिक विश्वमा व्यवहारको लागि प्रयोग भइरहने अत्यावश्यक (साबुन, ब्लेड, कट्टू, चप्पल, कोट, कमिज, सिसाकलम, ब्रुस, आल्पिन, फाइल, जीप, मोटर साइकल आदि) वस्तुहरूको बोधक, वाचक संस्कृतशब्दहरूको अन्वेषण, निर्माण, संकलन आदि गरेर कोषको रूपमा यस ग्रन्थलाई तयार गरिनेछ। जसलाई महासभाले विश्वसंस्कृतसम्मेलन बोलाएर आवश्यक संशोधनका साथ पारित गर्नेछ, र विश्वभर मान्यताप्राप्त गराउनेछ।

(आ) संस्कृतवार्तालापसम्प्रयिका- (भाग १,२, ३) (यसलाई सरल प्रक्रियासंग संस्कृत बोल्न सिकाउने ग्रन्थको नमूनाको रूपमा प्रकाशित गरिनेछ र संस्कृतलाई विश्वभाषा वा अन्तर्राष्ट्रिय भाषा बनाउने योजना- अन्तर्गत सहायक ग्रन्थको रूपमा प्रचार गरिने छ)

(इ) अध्यात्मदीपिका- (भाग १, २,३,) (वेद, उपनिषद, गीता आदि आध्यात्मिक ग्रन्थहरूको सारसंचय गरेर निर्मित विश्वमा अध्यात्मवादको प्रचार गर्न सहायक सरल संस्कृतग्रन्थ)।

(ई) विश्वबन्धुत्वदीपिका– (भाग १, २, ३,) (संस्कृतवाङ्मयहरूबाट विश्वबन्धुताभावनाका पोषक, समर्थक, प्रशंसक उद्धरणहरू झिकेर संपादित, विश्वमा विश्वभावना र विश्वशान्तिको भावनासर्जन गर्न अत्यन्तोपकारक विश्वबन्धुत्वभावनाको प्रचार गर्न सहायक ग्रन्थ)।

(उ) शास्त्रीयशिक्षापाठ्यक्रम– (यस पाठ्यक्रममा पुराने ग्रन्थहरूको समावेश हुनेछ। शास्त्रीय पाण्डित्य प्राप्त गर्न चाहने छात्रहरू यस पाठ्यक्रमअनुसार अध्ययन गर्नेछन्)।

(ऊ) प्राविधिकशिक्षापाठ्यक्रम– (संस्कृतमा अनुवाद गरिएका विभिन्न प्राविधिक ज्ञानका ग्रन्थहरू समावेश गरेर यो पाठ्यक्रम बन्दछ। यस पाठ्यक्रमअन्तर्गत प्राविधिक शिक्षाप्राप्त संस्कृतका छात्रहरू भविष्यका ठूला अनुभवी समाजसेवी डाक्टर, इन्जिनियर, वैज्ञानिक आविष्कारक आदि बन्नेछन्)।

(ऋ) साधारणशिक्षापाठ्यक्रम– (यो पाठ्यक्रम अध्यापनको क्षेत्रमा काम नगर्ने, कृषि– उद्योग-वाणिज्य आदि क्षेत्रमा काम गर्ने केवल उपाधिको निम्ति मात्र अध्ययन गर्न चाहने छात्रहरूको निम्ति उपयुक्त सरल पाठ्यक्रम हो।

(ॠ) विश्वशान्तिपाठ्यक्रम– ("राजतन्त्रं सदा जीव्यात्" पुस्तिकाको प्राक्कथनअनुसार केन्द्रीय विश्वशान्तिशिविरका शाखाहरूमा प्रवेश गरेर विशाल विश्वशान्तिनिमित्तक कार्यक्रममा योगदान गर्न चाहने महोत्साही र विश्वसेवामनोवृत्तिका छात्र,– (१) संस्कृतका नेपाली स्नातक र (२) "राजतन्त्रं सदा जीव्यात्" पुस्तिकाको प्राक्कथन-अनुसार मित्रराष्ट्रहरूबाट विश्वशान्तिशिविरको* शाखाको प्रवेश-योग्यताको लागि छात्रवृत्ति लिएर आएका विदेशी स्नातक (हाम्रो

---

* नोट- 'राजतन्त्रं सदा जीव्यात्' पुस्तिकाको प्राक्कथनमा संयुक्तराष्ट्रसंघको तत्त्वावधानमा केन्द्रीय विश्वशान्तिशिबिरको स्थापना हुनुपर्छ र त्यसका शाखा-प्रशाखाहरू विश्वका समस्त राष्ट्रहरूमा खोलिएर सुझावअनुसार कार्यक्रमसञ्चालन हुनुपर्छ भनिएको छ।

स्नातकसमकक्षपरीक्षोत्तीर्ण) छात्रहरू यस पाठ्यक्रमअनुसार अध्ययन गर्नेछन् । यो पाठ्यक्रम त्रिवर्षीय हुनेछ । विश्वशान्ति र विश्व-बन्धुताका पोषक संस्कृतवाङ्मयहरूका अंशहरूबाट वा तिनका सारांशहरूबाट रचित ग्रन्थहरू यस पाठ्यक्रममा समाविष्ट हुनेछन्) ।

(ए) इतिहासमाला– (संस्कृतमा परापूर्व कालदेखि चलिआएको इतिहासवर्णनको धारामा विच्छेद नआओस, प्रत्युत आधुनिक इतिहास-ग्रन्थहरूबाट पनि उत्तरोत्तर संस्कृतको भण्डार भरिपूर्ण हुदै जाओस् भन्ने ध्येयले आधुनिक विश्वका उपादेय एवं आवश्यक इतिहासहरू-लाई संस्कृतमा मौलिक रूपमा लेखन, रूपान्तरण, संपादन आदि गर्ने यो इतिहासमाला खड़ा गरिएको हो) ।

(ऐ) १००० भन्दा बढी विद्यार्थीहरू बस्न हुने अन्तर्राष्ट्रिय स्तरको छात्रावासको स्थापना नेपालमा गरिनेछ ।

३१. उपाधिवितरण–

(क) महासभाले उपर्युक्त त्रिवर्षीय विश्वशान्तिपाठ्यक्रमपरीक्षासमुत्तीर्ण छात्र-हरूलाई "विश्वसेवक" उपाधिले विभूषित गरिदिनेछ ।

(ख) महासभाले ०४ साल र ०१३ सालको जयतुसंस्कृतम् आन्दोलनमा अग्रेसरता लिएका व्यक्तिविशेषहरूलाई 'राष्ट्रसेवक' उपाधिले विभूषित गरिदिनेछ ।

३२. प्राच्यविद्याशोधसमिति– महासभाले समितिद्वारा राष्ट्रिय समृद्धि, विश्वशान्ति र मानव मात्रलाई भोगवादी संस्कारको बन्धन, क्लेशबाट मुक्ति दिलाउनुका साथै शाश्वत आत्मशान्तिको मार्गनिर्देश गर्ने हिन्दूधर्म र हिन्दूसंस्कृतिलाई अविश्वसनीय शङ्कनीय र अश्रद्धेय तुल्याएर भ्रमोत्पादन गराइदिने दुराशयबाट हिन्दूधर्म र हिन्दूसंस्कृतिका तथाकथित विरोधीहरूको कपटजाल-बाट प्रक्षिप्त भावना, कथा र वन्धहरूलाई विद्वत्समितिको निर्णयानुसार धर्मग्रन्थ आदिबाट हटाइदिनेछ, आम श्रद्धेय धर्मग्रन्थ आदिको यथार्थ स्वरूपलाई अविकृत रूपमा विश्वसमक्ष राखिदिनेछ र क्लिष्ट शैलीमा अभिव्यक्त, गूढार्थक र भ्रमोत्पादक धार्मिक सांस्कृतिक अभिव्यक्तिहरूलाई

पनि सरल व्याख्याहरूद्वारा ग्रन्थिच्छेदन गरेर जनसाधारणको लागि सुबोध सुगम तुल्याइदिनेछ।

३३. विश्वसंस्कृतप्रसारिणी समिति

नेपालसंस्कृतआश्रमले विश्वसंस्कृतप्रसारिणी समितिको गठन गरिदिनेछ, जसमा निम्नलिखित प्रक्रियाबाट २१ देखि ५१ सम्म सदस्यहरू रहनेछन्–

(क) एक (अध्यक्ष) सभापतिसहित सदस्यसंख्याको तीन खण्डको दुइ खण्ड सदस्य विद्वत्सभाबाट निर्वाचित भएर।

(ख) सदस्यसंख्याको एक तृतीयांशको एक खण्ड सदस्य नेपालसंस्कृतआश्रमबाट निर्वाचित भएर।

(ग) बाँकी एक तृतीयांशको दुइ खण्ड सदस्य महासभाको अध्यक्षबाट मनोनीत भएर।

योग्यता– समितिका सदस्यहरू संस्कृतमा स्नातक हुनुका साथै सं. रा. संघबाट स्वीकृत पांच भाषामध्ये एक भाषामा अभिव्यक्तिसमर्थ हुनुपर्दछ र विदेशी भए स्नातकसमकक्ष पारीक्षोत्तीर्ण हुनुपर्दछ।

सदस्यहरूको कार्यक्रम– समितिका सदस्यहरूले यथासंभव विश्वका राष्ट्रहरूको भ्रमण गरेर प्रमुखतया विश्वशान्तिको महान् लक्ष्यपूर्तिको लागि राष्ट्र-राष्ट्रका आफआफना राष्ट्रभाषा, मातृभाषा, प्रान्तीय भाषा, जातीय भाषा इत्यादिका अतिरिक्त संस्कृतभाषालाई विश्वभाषा वा अन्तर्राष्ट्रिय भाषा बनाउनको निमित्त सबै राष्ट्रलाई अनुसूची–७ अनुसारको उद्बोधन दिनेछन्।

३४. महासभाले विश्वशान्तियोजनाको कार्यान्वयनार्थ मित्रराष्ट्रहरूलाई निम्नलिखित कार्यक्रमहरूमा सहभागी एवं सहयोगी तुल्याउनेछ–

(क) मित्रराष्ट्रहरूले सार्वभौमविश्वशान्तिभावनाप्रचारप्रसारसमर्थ योग्य कार्यकर्ताहरूको समूह तयार गर्ने सिलसिलामा विश्वशान्तिशिबिरका शाखाहरूमा प्रवेश गर्न इच्छुक महोत्साही एवं विश्वशान्तिवादी मनोवृत्तिका स्नातकहरूलाई नेपालले तोकेको संख्यामा नेपालसंस्कृतआश्रमबाट संचालित त्रिवर्षीय विश्वशान्तिपाठ्यक्रमानुसार अध्ययन गर्न छात्रवृत्तिका साथ नेपाल पठाउने।

(ख) उक्त त्रिवर्षीय विश्वशान्तिपाठ्यक्रमपरीक्षामा समुत्तीर्ण एवं स्वदेशनिवृत्त 'विश्वसेवक' उपाधिप्राप्त उक्त स्नातकहरूलाई तत्तत् राष्ट्रका तर्फबाट स्तरीय मासिक भत्ता र उच्च संमानप्रदान गराउने ।

(ग) उक्त 'विश्वसेवक' उपाधिप्राप्त विद्वान् स्नातकहरूद्वारा निम्नलिखित कार्यक्रम संचालित गराउने–

१) आफ्नो देशमा महासभाका शाखाहरू खोलेर नेपालसंस्कृतआश्रमको कार्यक्रम चलाउने क्रममा त्यहाँ संस्कृतका विद्वान तयार नभएसम्म नेपालबाट संस्कृतका विद्वान्हरू झिकाएर तिनीहरूद्वारा अध्यापनकार्य सञ्चालित गराउने ।

२) ज. सं. भा. का. महासभाका उक्त महान् लक्ष्यहरूको पूर्तिको लागि महासभाको निर्देशनभित्र रही सैद्धान्तिक प्रचारप्रसार गर्न विभिन्न राष्ट्रहरूको भ्रमण गर्ने ।

३) ने. सं. आ. को सहयोगार्थ अर्थसंकलन गरेर केन्द्रमा पठाउने ।

४) विभिन्न राष्ट्रहरूको भ्रमण गरेर आफ्नो सैद्धान्तिक प्रचारप्रसार गर्दा आफूबाट हुन सकेका विशेष कार्य एवं अनुभवको जानकारी महासभाको के. कार्यालयमा पठाउने ।

५) (धारा ६ अनुसार) पाँच पाँच वर्षमा केन्द्रमा हुने विश्वविश्वसेवक महासम्मेलनमा भाग लिई महासभाका महान् लक्ष्यहरूको प्राप्तिको लागि दृढसंकल्प विश्वसेवकहरूसंगको विचार र अनुभवहरूको परस्पर आदानप्रदान गरेर विशेष मार्गदर्शन र प्रोत्साहन प्राप्त गर्ने ।

३५. महासभाले विश्वव्यावहारिकसंस्कृतग्रन्थप्रणयनसमितिबाट तयार भएका व्यावहारिक संस्कृतग्रन्थहरूलाई विश्वविद्वज्जनसम्मत तुल्याउनका लागि आवश्यक कार्यविधि अपनाउनेछ ।

३६. आध्यात्मिकभावनाप्रचारकेन्द्रको गठन, कर्तव्य र अधिकार–

महासभाले यस केन्द्रद्वारा आफ्ना महान् चार लक्ष्यहरूमध्येको एकतम– "मानव मात्रलाई (यही लोकमा) दुःखान्त भोगवादी संस्कारको बन्धन र

सन्तापबाट मुक्त तुल्याउनुका साथै शाश्वत आत्मशान्तिको लागि मार्ग-निर्देशन गर्ने- लक्ष्यपूर्तिको लागि मानव मात्रमा अनासक्त स्थितप्रज्ञभावनाको जागरण ल्याउन विश्वमा संस्कृत-प्रदत्त आध्यात्मिक सन्देशको सार्वभौम प्रचारप्रसार गराइदिनेछ ।

केन्द्रको का. स. को गठन र सदस्यहरूको योग्यता— यस केन्द्रको का. समितिको गठनविधि विश्वशान्तिभावनाप्रचारकेन्द्रकै प्रक्रियाको हुनेछ र का. स. का सदस्यहरूको योग्यता पनि उक्त केन्द्रकै सदस्यहरूको सरह हुनु आवश्यक मानिनेछ ।

३७. संस्कृतदिवस समारोह र महासम्मेलन—महासभाले बर्षेनि आषाढ १ गते संस्कृत-दिवससमारोह मनाउनेछ र पाँच पाँच वर्षमा विश्वसेवकहरूको महासम्मेलन बोलाएर उक्त सम्मेलनबाट आफ्ना महान् लक्ष्यहरूको पूर्तिको लागि आवश्यक सामयिक नीति र कार्यक्रमहरूको बारे छलफल र निर्णय गराउनेछ ।

३८. विश्वसेवकहरूको स्थानापन्नता—

महासभाले त्रैवर्षीय विश्वशान्ति-पाठ्यक्रम पूरा गरेर स्नातकहरूले 'विश्व-सेवक' उपाधि प्राप्त गर्न थालेपछि आफ्ना अंगनिकाय केन्द्र, समिति र आश्रमहरूका पदाधिकारीहरूको स्थानमा यथासम्भव क्रमश: 'विश्वसेवक' उपाधिप्राप्त स्नातकहरूलाई स्थानापन्न गर्दै लाने नीति अवलम्बन गर्नेछ ।

३९. महासभाले अंगनिकायहरूसहित आफ्ना समग्र गतिविधिहरू र विश्वका विश्वशान्तिवादी संस्थाहरू एवं चिन्तक र दार्शनिकहरूका पवित्र भावनालाई प्रकाशित गरेर विश्वका प्रबुद्ध जन-समुदायको समक्ष पुऱ्याउनको लागि आफ्नो मुखपत्रको रूपमा संस्कृत, नेपाली र अंग्रेजीमा जयतुसंस्कृतम् नामक एक मासिक पत्रिकाको प्रकाशन गर्नेछ। उक्त पत्रिकाको कार्यालय पनि नेपालको राजधानी काठमाडौंमा रहनेछ ।

४०. विधानमा अन्यथा लेखिएकोमा बाहेक एक व्यक्ति केन्द्र आश्रम वा समितिमध्ये एकको मात्र पदाधिकारी हुन सक्नेछ ।

परिच्छेद-७

आर्थिक अवस्था

४१. जयतुसंस्कृतम्भावनाकार्यान्वियन महासभाको एउटा कोष हुनेछ, जसमा देहाय-बमोजिम प्राप्त हुने रकमहरू दाखिला गरिनेछन्–

(क) दान, दातव्य र चन्दाबाट प्राप्त भएको रकम ।

(ख) अनुदान र सहयोगस्वरूप प्राप्त भएको रकम ।

(ग) सदस्यताशुल्कबाट प्राप्त हुने रकम ।

(घ) महासभाको कार्यकलापबाट आर्जन हुने र

(ङ) अरू आफ्ना चल अचल सम्पत्तिको बिक्रीवितरणबाट आउने रकम ।

४२. कोषको सञ्चालन–

(क) कोषको रकम जयतुसंस्कृतम्भावनाकार्यान्वियनमहासभाको नामबाट बैंकमा जम्मा गरिनेछ ।

(ख) कोषको रकम तोकिएबमोजिम सञ्चालित हुनेछ ।

४३. बजेट स्वीकृत गर्ने–

प्रत्येक आर्थिक वर्षको पहिलो महीनामा कार्यकारिणी समितिले बजेट तयार गरी स्वीकृतिको लागि साधारण सभामा पेश गर्नुपर्नेछ । यसरी पेश गरिने बजेटमा देहायका कुराहरू खुलेको हुनुपर्छ–

(क) आगामी आर्थिक वर्षको अनुमानित आयव्यय र सो वर्षमा गरिने सम्पूर्ण कार्यको विवरण ।

(ख) चालु आर्थिक वर्षमा भएको खर्चको विवरण ।

४४. लेखापरीक्षण–

(क) संस्थाको आयव्ययको हिसाब संस्थाका कुनै पनि सदस्यले हेर्न चाहेमा पाउनेछन् ।

(ख) प्रत्येक आर्थिक वर्षको हरहिसाबको लेखापरीक्षण साधारण सभाको निर्णयानुसार नियमानुसार हुनेछ ।

४५. रकमान्तर–

आर्थिक बजेटमा निर्धारित एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्नुपर्ने स्थिति आएमा सो गर्ने अधिकार कार्यकारिणी समितिलाई हुनेछ ।

परिच्छेद–८

विधानसंशोधन

४६. यस विधानमा कुनै संशोधन गर्नुपरेमा कार्यकारिणी समितिको सिफारिशमा साधारण सभाको २/३ दुइ तृतीयांश मतको आवश्यकता हुनेछ ।

परिच्छेद–९

निर्वाचनव्यवस्था

४७. निर्वाचन–

प्रत्येक कार्यकारिणी समितिको पदावधि कार्यभार सह्यालेको मितिले बढीमा ४ वर्षको हुनेछ र पदावधि समाप्त हुनुभन्दा कम्तीमा तीन महीनाअगावै कार्यकारिणी समितिले निर्वाचन अधिकृतको मनोनयन गर्नेछ ।

४८. निर्वाचनसम्बन्धी कार्यविधि–

(क) निर्वाचनका लागि स्थान समय र मिति अध्यक्षको निर्देशनअनुसार निर्वाचनअधिकृतले तोकेबमोजिम हुनेछ ।

(ख) निर्वाचनसम्बन्धी अन्य कार्यविधिहरू निर्वाचनअधिकृतले निर्धारण गर्नेछन् ।

परिच्छेद १०

विविध

४९. नियमावली बनाउन सक्ने–

प्रचलित कानूनको अधीनमा रही सामाजिकसेवाराष्ट्रियसमन्वयपरिषद्को ऐन नियम र यो विधानसग नबाझिने गरी जयतुसंस्कृतम्भावनाकार्यान्वयनमहासभाको उद्देश्यपूर्ति गर्ने क्रममा शाखाप्रशाखाको सञ्चालन गर्ने कार्य सञ्चालित गर्न कार्यकारिणी समितिले नियमावली बनाउन सक्नेछ ।

५०. अधिकारप्रत्यायोजन गर्नुपर्दा अध्यक्षको आदेश, महासभाको नियम र कार्यविधिअनुसार गरिनेछ ।

५१ कर्मचारीसम्बन्धी व्यवस्था महासभाले नै मिलाउनेछ ।

५२. महासभाका कुनै पनि अंग निकायका निर्वाचित मनोनीत सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ ।

५३. महासभाको लक्ष्यपूर्तिको लागि महासभाको कार्यकारिणी समितिले साधारण सभाबाट समर्थन गराउने गरी विधानको कुनै पनि दफालाई केही समयको लागि निलम्बन गर्न सक्नेछ ।

५४. महासभाको लक्ष्यपूर्तिको लागि शिष्ट विधि अपनाउंदा कुनै सदस्यमाथि आइपरेको दोषआरोपलाई महासभाले आफूमाथि परेको सम्झेर त्यसको वारिसी गर्नेछ ।

५५. महासभाको झण्डा, विश्वशान्तिगीत, स्वागतअभिवादनवाक्य, छाप र प्रतीक क्रमशः अनुसूची १, २, ३, ४, र ५ मा तोकिएअनुसार हुनेछ ।

५६. संस्कृतआश्रमको नीतिगत स्वरूप अनुसूची ६ मा र संस्कृत भाषालाई विश्वभाषा बनाउनका लागि विश्वसंस्कृतप्रसारिणीसमितिका सदस्यहरूको उद्बोधन अनुसूची ७ मा उल्लिखित छ ।

अनुसूची—१

झण्डा

यस महासभाको झंडाको विवरण निम्नअनुसारको हुनेछ:—

त्रिकोणयुक्त झंडामा देब्रेपट्टिको लम्बलाई ५ र तलतिरको आधारलाई ८ को अनुपातमा त्रिकोण तयार गर्दा आधार+लम्बको बीचको त्रिकोण ९० डिग्री, आधार+कर्णको बीचको त्रिकोण ३०'' डिग्री र लम्ब+कर्णको बीचको त्रिकोण ६०'' डिग्री हुने गरी त्रिकोण तयार भएपछि लम्बको ठीक बीचमा एक रेखा खिची सो त्रिकोणलाई २ वटा त्रिकोणमा परिणत गर्नुपर्दछ । त्यसमध्ये माथिल्लो त्रिकोण पुरैमा रातो रंग लगाइदिनुपर्दछ । तल्लो त्रिकोणको बीचमा पृथ्वीको वाटुलो नक्सा तयार गरी सो गोल पृथ्वीको व्यासको बीच भागमा बन्दूकको

तस्वीर बनाई सो बन्दूकको नोक र कुन्दा मात्र दायाँ बाँयाँ देखिने गरी बीचको भागलाई वेदको पुस्तकले छोपिने गरी खुला आकारको वेदको पुस्तक राख्नुपर्दछ। सो बन्दूक र पुस्तक नीलो रंगको हुनेछ र पृथ्वीको बाँकी भाग सेतो रंगको हुनेछ तल्लो त्रिकोणको बाँकी भाग पनि नीलो नै हुनेछ।

रङ्ग, गोल पृथ्वी र प्रतिष्ठापित वेदको पुस्तक आदि के केका द्योतक हुन, त्यसको विवरण निम्नअनुसार छः-

१ रातो रङ्ग — व्यापक जागरणको द्योतक।
२ नीलो रङ्ग — विश्वशान्तिको द्योतक।
३ गोल पृथ्वीको चित्र — जातिविशेष, देशविशेषको मात्र नभई सार्वभौम कल्याणको आकांक्षाको द्योतक।
४ बन्दूकमाथि वेदको प्रतिष्ठापन — हिंसक भावनामाथि अहिंसक भावनाको विजय गराउने आकांक्षाको द्योतक।

अनुसूची-२

विश्वशान्ति-गीत

जयतु संस्कृतम् धर्मभूतये
जयतु संस्कृतम् राजभूतये
जयतु संस्कृतम् देशभूतये
जयतु संस्कृतम् विश्वभूतये

जयतु संस्कृतम् चित्तशुद्धये
जयतु संस्कृतम् बोधलब्धये
जयतु संस्कृतम् बन्धुतासये
जयतु संस्कृतम् विश्वशान्तये।

जयतु संस्कृतम् धर्मभूतये
जयतु संस्कृतम् राजभूतये
जयतु संस्कृतम् देशभूतये
जयतु संस्कृतम् विश्वभूतये।

अनुसूची-३

अभिवादनवाक्य जयतुसंस्कृतम् !

अनुसूची-४

छाप

बराबर लम्बाइ भएको रेखाद्वारा षट्कोण बनाई सो षट्कोणको माथिल्लो कोणमा "ज" र त्यसपछि क्रमैसंग कोणै पिच्छे एक एक रहने गरी "जयतुसंस्कृतं" ले सो छ वटै कोण भनु'पर्छ र बीचको कोठाको बीच भागमा भा. का. म. राखी यस महासभाको छाप तयार गर्नु'पर्छ ।

अनुसूची-५

प्रतीक

बराबर लम्बाइ भएको रेखाद्वारा तयार गरिएको षट्कोण नै यस महासभाको प्रतीक हुनेछ ।

अनुसूची-६

संस्कृतआश्रमको नीतिगत स्वरूप

नेपाल-संस्कृत-आश्रम त्यो महान् आश्रम हुनेछ, जसले विश्वलाई अहिंसक, स्वच्छ, उच्च विचार र शान्त-सन्तुष्ट सादा जीवनको आदर्श सिकाउनेछ ।

नेपालसंस्कृतआश्रम अवर्णनीय महत्वशाली त्यो यन्त्र हुनेछ, जसले विश्वका अशान्तिकारक क्रूर हिंसक भावनाहरू र मानव मात्रको लागि शाश्वत क्लेशकारी सांसारिक क्षुद्र सङ्कीर्ण भावनाहरूको विरुद्ध बौद्धिक सङ्घर्ष गरेर

तिनीहरूमाथि विजय हासिल गर्न सक्ने अहिंसक वीर योद्धा नेतृसमुदायलाई अपरिमित संख्यामा उत्पादन गरिरहने क्षमता राख्नेछ ।

नेपाल-संस्कृत-आश्रम त्यो आश्रम हुनेछ, जसले भविष्यमा आफ्ना स्तुत्य अपरिमित सेवाकार्यहरूद्वारा आफ्ना प्रजावत्सल हिन्दूसम्राट् राजा र आफ्नो देशको प्रिय राजतन्त्रको भावी कीर्तिस्तम्भ बन्नको लागि पूर्ण अधिकार राख्नेछ र यसको स्थान के हुनेछ– भन्ने कुरामा निःसन्देह भएर भन्न सकिन्छ कि राष्ट्र एवं विश्वका अन्य सबै निकायहरूको अपेक्षा यस्ता निकायको नै सर्वोपरि स्थान हुनेछ, जसले मानवसंस्कारमा नै परिष्कार ल्याएर विश्वशान्तिको निमित्त काम गर्ने सङ्कल्प र प्रतिज्ञा गरेको छ।

किञ्च— विश्वशान्तिको निमित्त विश्वबन्धुत्वभावनालाई अनिवार्य आवश्यक तत्त्व मान्न बाध्य हुनुपरेजस्तै विश्वबन्धुत्वभावनाको सार्वभौम चेतना र उन्मेषको लागि सुरभारती संस्कृतभाषाको सार्वभौम प्रचारप्रसारलाई स्वत्तिकै अपरिहार्य मान्न सर्वांशमा बाध्य हुनुपरेकोले नै. संस्कृतआश्रमले सुरभारती संस्कृत भाषाको उक्त सार्वभौम प्रचारप्रसारको लागि आवश्यक पर्याप्त साधन-सामग्री उपस्थापित गरिदिन नीति र कार्यक्रमहरू स्पष्ट गरिदिएको छ र तिनको कार्यान्वयन र सञ्चालनको लागि विभिन्न निकायहरूको गठन गरिएको छ। जसको उद्देश्य यसै विधानमा स्पष्ट गरिसकिएको छ ।

अनुसूची-७

विश्वसंस्कृतप्रसारणसमितिका सदस्यहरूको उद्‌बोधन

सङ्गच्छध्वं, संवदध्वम् !

हाम्रो यो वैदिक उद्‌घोषले (नाराले) विश्वशान्तिलाई सदा कायम राख्नको निमित्त विश्वमा मानव मात्रलाई परस्पर भेट्न र स्नेह, सौहार्द, शिष्टतापूर्वक परस्पर वार्तालाप गर्न (विचारविनिमय गर्न) सदा प्रोत्साहित र प्रेरित गर्दछ। यस्तो अमृतमय महान् उद्‌बोधन हुँदा हुँदै, विश्वको यस्तो रागद्वेषयुद्धसङ्घर्षमय

नारकीय वातावरणको अनुभव हुँदा हुँदै पनि विश्वका प्रबुद्ध मानव मात्रले मिलेर, एकमना र सङ्गठित भएर विश्वशान्तिको निम्ति कुनै योजना नगर्नु बड़ो लज्जास्पद र दुर्भाग्यपूर्ण कुरा हो। तर विश्वशान्तिको महान् लक्ष्यप्राप्तिको लागि त्यसरी एकमना र संगठित होऔं भन्दा पनि हामीलाई हुन नदिने एउटै व्यवधान छ– त्यो हो भाषाको विभेद। सबै राष्ट्रहरूका सबै भाषा कसैले जान्न सक्तैन। आफ्नो राष्ट्रभाषाबाहेक कसैले एउटा अन्तर्राष्ट्रिय भाषा सिक्ला। तर त्यो पनि सीमित व्यक्तिविशेषले मात्र बुझ्न सकिने हुन्छ। अर्को राष्ट्रका सबैले बुझ्ला भन्ने त कुरै छैन। विश्वका ज्ञान र ज्ञातव्य कुरा कति छन्, जिन्दगीभर समयको दुरुपयोग गरेर केवल भाषा मात्र सिकिरहनु पनि ज्यादै दुःखलाग्दो कुरा हुन्छ कतिपय भाषा सिकिसक्दा पनि विश्वका समस्त राष्ट्रका प्रतिनिधि भाइहरूसंग हृद खोलेर विश्वसमस्याको बारेमा दोभाषिया नराखीकन बातचीत गर्न सकिँदैन– भाषाको त्यही व्यवधान भई नै रहन्छ। विश्वभरका राष्ट्रका प्रतिनिधि भाइहरूसं मन माझेर छलफल गर्ने त कुनै पनि दिन आएन। त्यसैले विश्वशान्तिको काम गर्ने सबै राष्ट्रहरूले मिलेर सर्वप्रथम (आफआफ्ना भाषाहरूको अतिरिक्त) गुणसम्प राष्ट्रिय समृद्धि र विश्वशान्तिको लागि बलियो भावना दिन सक्ने कुनै एक भाषाल विश्वभाषा वा अन्तर्राष्ट्रय भाषा बनाउन एकमत, सहमत हुनैपर्ने बाध्य परिस्थि आइसकेको मात्र होइन, बितिसकेको पनि छ र त्यस भाषाको अध्ययन-अध्यापन शुभ-प्रारम्भ समझदारीका साथ विश्वका सबै राष्ट्रहरूबाट अविलम्बसाथ हुनैपर्ने त्यस्तो विश्वभाषा बन्न योग्य भाषा कुन छ त ? यो प्रश्न उठ्न सक्छ। तर विश्व धेरै धेरै तत्वद्रष्टा मनीषीहरूबाट प्रशंसाप्राप्त हुन सकेको कारणले संस्कृत भाषा नै विश्वभाषा बनाउन यस महासभाले निर्णय गरेको छ। अलग एउटा विश्वभाषा विश्वशान्तिको निमित्त आवश्यक छ भन्ने कुरामा त संयुक्तराष्ट्रसंघ सहमतै थियो र त्यसले प्रयास गरेको पनि हो। तर त्रुटि के भयो भने स्पेरान्त सट्टा संस्कृत भाषालाई विश्वभाषा बनाउन स. रा. सङ्घले खोजेको भए आज सफल पनि नभई छोड्दैनथ्यो। अतः अब पनि संयुक्त राष्ट्रसङ्घ र विश्वका स राष्ट्रहरूसंग विश्वशान्तिको लागि हाम्रो यही आग्रह छ– कुनै एक सर्वगुणसम्पन्न विश्वभाषा बन्नुपर्छ। त्यसको लागि संस्कृत भाषा नै सर्वगुणसम्पन्न एवं परम छ। यसमा थोरै पनि कसैलाई शङ्का छभने कसैले पनि आफ्नो राष्ट्रको मुख्य

छाप नपाउने गरी विश्वमा जनमत-संग्रह गरियोस्, – "कुन भाषा विश्वभाषा बन्न योग्य छ" भनेर। संस्कृत भाषाले नै निर्वाचन जित्नेछ, यसमा कुनै शंका छैन । किनकि संस्कृत भाषा सरल छ, मधुर छ, सर्वभाषागुणसम्पन्न छ। जसमा विश्वभावना छ र जसले विश्वब्रह्माण्डको रहस्यहरूको पनि रहस्यको उद्घाटन गर्ने आफ्नो क्षमता विश्वमा देखाइसकेको छ, त्यो भाषा सर्वोत्कृष्ट छैन भनेर कसले भन्न सक्छ ? बरु यति तत्व बुझिसकेपछि पनि विलम्ब गरेर के काम छ ? यसलाई विश्वभाषा बनाउने कार्यक्रमको शुभ प्रारंभ आजैदेखि भइदिए यही नै यस बीसौं शताब्दीको महत्तम कार्य वा क्रान्तिकारी घटना हुनेथियो । अथवा सृष्टिको प्रारम्भदेखि नै आजसम्म कुनै राष्ट्र, व्यवस्था, र व्यक्तिविशेषले नउठाएको विश्वजनहितकारी एक महान् कदमको रूपमा यो मानिन सक्थ्यो । कार्यप्रारम्भ नै नगरेर, प्रयोग नै नगरेर, त्यसलर्फ प्रयास नै नगरेर सफलताको प्रश्न उठाउने विश बुझ्नुहरू पनि कम छैनन् । हामी त सैद्धान्तिक भएकौ नाताले भन्दछौं– "सफलताको लागि चिन्ता नगरौं– (कर्मण्येवाऽधिकारस्ते) त्यो भविष्यलाई नै छोडिदेऔं । हामी आजको मात्र कुरा गर्दैनौं । आजको दुइ सय वर्षपछि, अथवा पाँचसय वर्षपछि मात्रै पनि संस्कृत भाषा विश्वभाषा वा अन्तर्राष्ट्रिय भाषा भएछभने पनि त्यो दिन विश्वको निमित्त यति ऐतिहासिक र यति गौरवशाली दिन हुनेछ कि विश्वशान्तिको प्रचारको खास व्यवधानलाई हटाइदिने त्यो महान दिन भएकोले विश्वका राष्ट्र राष्ट्रहरूमा भव्य समारोहका साथ मनाइने गरेका कुनै पनि तत्तत् राष्ट्रका बडा दिनहरूभन्दा त्यस ऐतिहासिक दिनको महिमा ठूलो मानिनेछ। जुन दिन विश्वका मानव मात्र एक मंचमा उभिएर एउटै भाषामा एउटै स्वरमा विश्वशान्तिको निमित्त हार्दिक कामना एवं उद्गार व्यक्त गर्नेछन्, त्यो दिनमा विश्वहितचिन्तक, विश्वशान्तिवादी व्यक्तित्वहरूले पृथ्वीमा मात्र होइन, विश्वशान्तिको निमित्त त्याग, तप र सङ्घर्ष गर्दा गर्दै कथाशेष भएका विश्वका महामानव म. बुद्ध, म. ईसा, म. मुहम्मद, म. लेनिन र म. गान्धीहरूका दिव्य आत्माहरूले पनि स्वर्गमा सहर्ष संयुक्त समारोह मनाउनेछन् । यति जानी जानीकन पनि आजैदेखि यस शुभ कार्यको प्रारंभ गरिहालेनौंभने हाम्रो ठूलो व्यतिक्रम हुनेछ । हामीलाई आफ्नै भावी सन्तानले घोर निन्दा गर्नेछन् । अतः विश्वमा विश्वबन्धुता, विश्वभ्रातृत्व र विश्वभावनाको प्रथम उन्मेषदात्री सुरभारती संस्कृत भाषाको अध्ययन-अध्यापनको लागि आजैदेखि कटिबद्ध र संलग्न हुन थाल्नुहोस्, र संस्कृत भाषालाई विश्वभाषा बनाउनको लागि आजै पवित्र संकल्प र भीष्म प्रतिज्ञा गर्नुहोस् ।"

ज. सं. भावनाकार्यान्वयनमहासभाका लक्ष्यपूर्तिका परिणाम के के हुन्छन् ?

१. विश्वशान्तिभावना र अध्यात्मभावनाको प्रचारकेन्द्रको रूपमा हाम्रो राष्ट्र नेपालको विश्वमा मान्यता र प्रतिष्ठा सदाको निमित्त भइरहनेछ।

२. हाम्रा प्रजावत्सल राजाको नेतृत्वमा विश्वमा विश्वशान्तिभावना र अध्यात्म-भावनाको प्रचार हुने हुँदा हाम्रो देशको राजतन्त्रको महिमा र गरिमाको विश्वमा शाश्वत प्रचार भइरहनेछ।

३. विश्वशान्तिको उदय हुन थाल्नेछ।

४. सार्वभौम आध्यात्मिक भावनाको विकास हुने हुँदा मानव मात्रमा राग र द्वेष हटेर परस्पर सौहार्द र शान्तिको उदय हुनेछ।

५. विश्वका समस्त संस्कृतस्नातकहरूको निति सदाको निमित्त प्रतिष्ठापूर्ण विश्व-भ्रमण, विश्वगुरुत्व र विश्वसेवाको स्वर्ण अवसर भइरहनेछ।

६. सार्वभौम आसुर भावनामाथि दैवी भावनाको विजय स्थापित हुनेछ।

७. केही समयपछि हाम्रो देशको शिक्षापद्धति प्रधानतया संस्कृतमूलक मात्र भए संचालित हुनेछ।

जयतु संस्कृतम्

अधिसूचना !

[यो विधान 'राजतन्त्र सदा जीव्यात्' नामक पुस्तिकाको प्राक्कथनसंग संबन्धित भएकोले त्यसलाई समेत मिलाएर हेरेपछि मात्र कार्यक्रम स्पष्ट हुन्छ– प्रस्तावक]

मिति :– आश्विन १ गते २०४२

प्रेस :– माहेश्वरी प्रिन्टर्स

प्रकाशक :– पूर्णप्रसाद ब्राह्मण

मूल्य :–